# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हल्दीबारी गाउँपालिका
## झापा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हल्दीबारी गाउँपालिका

## झापा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

हल्दीबारी गाउँपालिका

झापा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**
**महालेखापरीक्षक**

**जेठ, २०८१**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ४७

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
हल्दीबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
जलथल, झापा ।

१. **कैफियतसहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोषलगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ६० लाख ८१ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. १ करोड ७ लाख ३९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १ करोड १० लाख ८० हजार, नियमित गर्नुपर्ने रू. ९ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १७ लाख ७० हजार र पेस्की बाँकी रू. १४ लाख ९८ हजार समेत गरी यस वर्ष रू. १ करोड ५३ लाख ४२ हजार बेरुजु कायम रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रू. ६ करोड ९२ लाख ५७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू. ६ करोड ९२ लाख २९ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन

बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा —** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी —** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी —** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# हल्दीबारी गाउँपालिका

झापा जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | ३३ | २६०८१ | ० | १२ | १०७३९ | ७४ | २१ | १५३४२ | ११०८० | ९९४ | १७७० | ० | ० | २७६४ | १४९८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | ६९२५७ | ० | १५३७० | ५३८८७ | ० | १५३४२ | ६९२२९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८०(चालु वर्षको) | | | |
| १ | २०७९।८० | ५ | प्रमाण पेश भएको | ८८११८८.८० |

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २ | २०७९।८० | १८ | असुल भई राजस्व दाखिला भएको | १७७७५ |
| ३ | २०७९।८० | ५५ | प्रमाण पेश भएको | ३२१९४१२ |
| ४ | २०७९।८० | ६० | कार्य सम्पन्न भएको प्रमाण पेश | ५०००००० |
| ५ | २०७९।८० | ६२ | प्रमाण पेश भएको | २२४१७ |
| ६ | २०७९।८० | ६५ | कर समायोजन प्रमाण पेश भएको | १५३२४०६ |
| ७ | २०७९।८० | ६६ | सक्कल बिल पेश भएको | ६६०९४ |
| | **चालु वर्षको जम्मा** | | | **१०७३९२९३** |
| | **गत विगत वर्षतर्फको** | - | - | - |
| १ | **२०७८।७९** | विभिन्न | मिति २०८० बैशाखदेखि २०८१।२।३ सम्ममा भएको सम्परीक्षणको कुल अंक | **१५३६९५९०** |
| २ | २०७७।७८ | | | ० |
| ३ | २०७७।७८ भन्दा अघि | | | ० |
| | **गत विगतको जम्मा** | - | | **१५३६९५९०** |
| | **कुल जम्मा** | - | - | **२६१०८८८३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचयः**

**(क) हल्दीबारी गाउँपालिकाको परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ५ वटा, सभा सदस्य संख्या २९ जना, क्षेत्रफल ११७.२३ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या ३२ हजार ७२२ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहलगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।०५ देखि २०८०।०८।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुखलगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्रसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँचजस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रू. १,३०,२८,१८,६९२.१९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. १०७१० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | बिवरण | रकम रू. |
|---|---|---|
| १ | नर्म्स भन्दा बढी खर्च भुक्तानी असुली | १०७१० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था रहेको, दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न गरिएको छ ।

सैद्धान्तिक बेरुजु

*(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

३ **वित्तीय विवरणको यथार्थता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहने र उक्त कोषमा पालिकालाई प्राप्त हुने सबै रकम जम्मा गर्नुपर्ने तथा दफा ७६ मा पालिकाले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रकको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राखी पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको आधार एवम् ढाँचा र पद्धतिमा एकरुपता कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक कारोबारको लेखा राख्ने प्रयोजनका लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) नामक विद्युतीय सफ्टवेयर प्रणाली प्रयोग गरेको छ । यसरी सूत्रमार्फत् पालिकाको सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. १९,९५,०८,७१९.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू. ७३,९२,८९७.०० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू. ४,६१,०००.०० समेत गरी रू. २०,७३,६२,६१६.०० सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ, सबै आर्थिक कारोबार सूत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब -** यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू. ३१,८०,९४२.५०, यस वर्षको प्राप्ति रू. (२४,११,४४,३३५.२४), यस वर्षको भुक्तानी रू. (२३,७९,८३,०३८.७४) र बैङ्क मौज्दात रू. १९,७००.०० फरक परेको छ । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३,९१,००,५९८.८८ | ४४,०१,६१,९२०.९८ | ४४,७९,३१,५९३.२१ | ३,१३,३०,९८०.६५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३,५९,१९,६५६.३८ | ६८,१३,०६,२५६.२२ | ६८,५९,१४,६३१.९५ | ३,१३,११,२८०.६५ |
| फरक | ३१,८०,९४२.५० | (२४,११,४४,३३५.२४) | (२३,७९,८३,०३८.७४) | १९,७००.०० |

उपरोक्त विवरणअनुसार सूत्रको वार्षिक प्रतिवेदन र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा प्राप्ति र भुक्तानीमा फरक पर्नुमा संघबाट प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार र गरिबसँग विश्वेश्वर कार्यक्रमलगायतको अभिलेख सूत्रमा समावेश नभएको प्रतिक्रिया दिएको छ । त्यस्तै, सूत्रको प्राप्ति भुक्तानी हिसावको वर्षान्तको बाँकी रकम रू. ३,१३,३०,९८०.६५ देखिएकोमा अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा खाताअनुसार बाँकी रू. ३,१३,११,२८०.६५ देखिन्छ भने बैङ्कअनुसार रू. ३,१३,११,२८०.६५ रहेको छ । सूत्रको प्राप्ति भुक्तानी हिसावको वर्षान्तको बाँकी र बैङ्क बाँकीमा फरक परेको रू. १९,७००.०० सूत्रमा रिभर्स भौचर बनाउँदा आम्दानी रकम नघटेको हुँदा फरक पर्न गएको पालिकाले प्रतिक्रिया दिएको छ । यससम्बन्धमा सम्बन्धित पालिकाले यकिन गरी सूत्रको प्राप्ति भुक्तानी हिसाबअनुसार बैङ्क तथा नगद बाँकी विवरणलाई मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी -**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रू.८,८१,१८९।- सम्परीक्षण गरिएको ।)***

६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्दछ । पालिकाले सूत्रमा बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक परेको र म.ले.प.फा.नं.२७२ को अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा देहायबमोजिमको विवरण रहेको देखिन्छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ९४,७९,९२३.७४ | ९४,७९,९२३.७४ | ०.०० |
| ग २.२, चालु खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० |
| ग २.७, विविध खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | २,०३,७३,६१०.८५ | २,०३,७३,६१०.८५ | ०.०० |
| ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ९३,४७६.५० | ९३,४७६.५० | ०.०० |
| ग ५.१, विविध कोष खाता | १३,६४,२६९.५६ | १३,६४,२६९.५६ | ०.०० |
| जम्मा | | | ०.०० |

सैद्धान्तिक बेरुजु

७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा नै चालु खर्च खाता, पुँजीगत खर्च खाता, आन्तरिक राजस्व खाता, राजस्व बाँडफाँड खातामा खर्च भई बाँकी मौज्दात रकम सञ्चित कोष खाता स्थानान्तरण गरी उक्त खाताहरूको मौज्दात शून्य गरेको पाइयो ।

सैद्धान्तिक बेरुजु

८ **अनुदान रकम फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ (१) बमोजिम सङ्घीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकमध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार २०८० असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फ देहायबमोजिमको अनुदान रकम सङ्घीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ ।

| क्र.सं. | अनुदानको शीर्षक | फिर्ता गर्नुपर्ने रकम रू. | फिर्ता गरेको रकम रू. | फिर्ता गर्न बाँकी रकम रू. |
|---|---|---|---|---|
| १ | संघ ससर्त चालु/ पुँजीगत/ विशेष/ समपुरक अनुदान | २,९०,९२,३२४.७० | २,९०,९२,३२४.७० | बाँकी नभएको |
| २ | प्रदेश ससर्त चालु/ पुँजीगत/ समपुरक अनुदान | २,७४,३२९.०० | २,७४,३२९.०० | बाँकी नभएको |

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७९/८० मध्ये २०७९ कार्तिक महिनासम्मको सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक श्री हेमराज वनबाट गराएको छ भने बाँकी अवधिको गराएको छैन । तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरासम्बन्धमा पालिकाले सुधार गरेको पाइएन । आगामी दिनमा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा केही कानुन तर्जुमा गरेतापनि ऐनले प्रदान गरेको अधिकार कार्यान्वयनमा लागि आवश्यक सबै कानुनहरू तर्जुमा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरू पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मासहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेस्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका कार्यालयको बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अद्यावधिक गरेको छैन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरुको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।
- पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागीतासहितका लागत अनुमान तयार गरेको देखिएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरिएको छैन ।
- सोझै खरिदसम्बन्धी कागजातको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिमा रही कार्यालयको कर्मचारीले बैठक भत्ता भुक्तानी गरेको हुँदा खर्चमा मितव्ययीता अपनाइएको छैन ।
- भ्रमण खर्च, बैठक भत्ता र विविध खर्चमा मितव्ययीयता अपनाइएको देखिएन ।
- खरिद कानुनमा खरिदमा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्नु नहुने कुरा उल्लेख गरेकोमा सोको पालना गरेको देखिएन ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भए तापनि सो को कार्ययोजना तयार गरी कार्यान्वयन गरेको पाइएन ।

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औंल्याइएका व्यहोरामा उल्लेखनीय सुधार भएको पाइएन भने यस वर्ष पनि उल्लिखित व्यहोराहरू दोहोरिएको पाइयो । अतः आगामी दिनमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । सूत्रबाट प्राप्त म.ले.प.फा.नं. २७२ को अनुसूची ११ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुरबापत अनुमानित रू. ३ करोड ६५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.

१ करोड ५२ लाख ८९ हजार अर्थात अनुमानको करिब ४१.८८ प्रतिशत मात्र आय प्राप्त गरेको छ । पालिकाले आम्दानीका स्रोतको अनुमान वास्तविक र यथार्थपरक नबनाई ठूलो आकारमा वजेट निर्माण गरेको देखिन्छ । आगामी दिनमा पालिकाले वास्तविक आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारबाट विभिन्न अनुदानमा प्राप्त बजेटमध्ये खर्च गरेको रकमको तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ ।

| सङ्घीय सरकारबाट प्राप्त अनुदानबाट खर्च | आन्तरिक आय | खर्चमध्ये आन्तरिक आयको प्रतिशत |
|---|---|---|
| ३१,८४,२९,१४१.३० | १,५२,८९,१७२.६६ | ४.८० |

उपर्युक्त विवरणअनुसार स्थानीय तहमा प्राप्त सङ्घीय सरकारबाट प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा पालिकाको आन्तरिक आयको हिस्सा ४.८० प्रतिशत मात्र रहेको छ । त्यसैले, पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले तयार गरेको आम्दानीको एकिकृत विवरणअनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर (घरधुरी कर) | ०.०० | ०.०० | ०.०० |
| भूमिकर (मालपोत) | १,५०,००,०००.०० | ८९,०१,७९६.८९ | ५९.३५ |
| घरजग्गा वहाल कर | १५,०००.०० | ४,९१,७४९.३७ | अनुमानभन्दा अत्याधिक बढि असुली |
| व्यवसाय कर | ५,००,०००.०० | ४,४५,४८५.०० | ८९.१० |
| वहाल विटौरी शुल्क | ०.०० | ०.०० | ०.०० |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले घरजग्गा वहाल करबाट अनुमानभन्दा ३२ गुणा बढी राजस्व संकलन गरेको देखिएको हुँदा यस क्षेत्रबाट व्यवस्थितरूपमा राजस्व संकलन गर्दा अझ बढी राजस्व संकलन हुन जाने देखिन्छ । साथै, पालिकाले भूमिकर र व्यवसाय कर शीर्षकमा अनुमान गरेको राजस्वभन्दा कमी राजस्व असुली भएको देखिन्छ भने पालिकाले सम्पत्ति कर र वहाल विटौरी शुल्कको कार्यान्वयन गरेको देखिदैंन । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी घरजग्गा

वहाल करको दायरामा अभिवृद्धि गर्ने, सम्पत्ति कर र वहाल विटौरी शुल्कको कार्यान्वयन गर्ने तथा सम्बन्धित आय शीर्षकमा यथार्थ आय अनुमान गरी प्रभावकारीरूपमा राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **राजस्व अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले नगदी रसिदको प्रयोग नगरी अनलाइन राजस्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरूबाट मालपोतलगायतका कर राजस्व संकलन गरेको देखिन्छ । पालिकाको सूत्रको प्रतिवेदनअनुसार आन्तरिक राजस्वमा रू. १,५२,८९,१७२.६६ आम्दानी भएको देखिन्छ भने अनलाइन राजस्व सफ्टवेयर प्रणालीको प्रतिवेदनअनुसार रू. १,००,५८,६३१.५८ मात्र आम्दानी भएको देखिन्छ । पालिकाको अनलाइन राजस्व सफ्टवेयर प्रणालीबाट वडाअनुसार प्राप्त आम्दानी रकमलाई सूत्रमा समेत वडाअनुसार आम्दानी बाँध्नुपर्नेमा एकमुष्ट रूपमा आम्दानी बाँधिएको हुँदा वडाबाट संकलन भएको सम्पूर्ण राजस्व रकम आन्तरिक राजस्व खातामा जम्मा भएको हो वा होइन भनी यकिन गर्न सकिएन । पालिकाको अनलाइन सफ्टवेयर र सूत्रमा बाँधिएको आम्दानी प्रतिवेदनमा रू. ५२,३०,५४१.०८ फरक परेको देखिएकोमा पालिकाले उक्त फरक रकममध्ये मालपोतबाट प्राप्त राजस्व रू. ४६,४१,५५८.६०, बजार ठेक्काबाट रू. १,५०,०००.०० र अन्य आम्दानीबाट रू. ४,३८,९८२.४२ लाई अनलाइन सफ्टवेयर प्रणालीमा आम्दानी नबाँधि सोझै सूत्रमा मात्र आम्दानी गरेको हुँदा दुई प्रतिवेदनको आम्दानीमा फरक परेको पालिकाले प्रतिक्रिया दिएको छ । आगामी दिनमा पालिकाले राजस्व असुलीलाई स्वचालित प्रणालीमार्फत् व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाले नगदी र मालपोत रसिदको प्रयोग नगरी अनलाइन राजस्व प्रणालीको प्रयोग गरिएको पाइयो ।
- पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजस्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।
- पालिकाको राजस्व सफ्टवेयरबाट वडाअनुसार आम्दानी प्रतिवेदन प्राप्त भएपनि सूत्रको प्रतिवेदनमा वडाअनुसार आम्दानी प्रतिवेदन प्रविष्टी गरिएको छैन ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वयन भएको देखिएन ।
- पालिकाको व्याक हो लोडर सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ अनुसार प्रति घण्टा भाडा दर रू. २२००.०० तोकिएकोमा पालिकाले तयार गरेको अभिलेखअनुसार आर्थिक वर्ष २०७९/८० मा ७६१ घण्टा व्याक हो लोडर सञ्चालनमा आएको देखिन्छ भने राजस्व रू. १६,७४,२००.०० प्राप्त हुनुपर्ने देखिन्छ। तर, पालिकाको राजस्व आम्दानी प्रतिवेदनअनुसार व्याक हो लोडरको सञ्चालनबाट राजस्व रू. २७,५००.०० मात्र प्राप्त भएको छ । यसरी प्रयोग हुने उपकरणमा पालिकाबाटै इन्धनसमेत लगाइएको छ । पालिका र वडाको सिफारिस तथा मौखिक आदेशको आधारमा विभिन्न योजना तथा व्यक्तिगत प्रयोजनमा समेत मेशिनको परिचालन भएकोमा तोकिएको आम्दानी प्राप्त नभएको पालिकाले प्रतिक्रिया दिएको छ । यसरी मेशिनको प्रयोगअनुसार आम्दानी प्राप्त नहुनु र अन्य योजनामा समेत मेशिनको प्रयोग भएको देखिएको हुँदा योजनामा दोहोरो भुक्तानी हुने सम्भावना समेत देखिन्छ । यससम्बन्धमा पालिकाबाट यकिन गरी उठ्नुपर्ने राजस्व रकम असुल गर्नुपर्दछ । साथै, पालिकाले आगामी दिनमा तोकिएको दररेटअनुसार आम्दानी

प्राप्त भएपछि मात्र मेशिनको प्रयोग गर्न दिने तथा निःशुल्क परिचालन गर्नेसम्बन्धमा स्पष्ट व्यवस्था गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

- ऐनको दफा ५८ बमोजिम पालिकाभित्र सञ्चालिन सबै व्यवसाय दर्ता नभएको, दर्ता भएका व्यवसायहरूको अभिलेख अद्यावधिक नभएको र सबै व्यवसायीबाट व्यवसाय करसमेत संकलन भएको देखिएन ।
- पालिका र अन्तर्गतका वडाहरूबाट सफ्टवेयर प्रणालीबाट संकलन गरिएको राजस्व ढिला गरी जम्मा गर्ने गरेको पाइयो । जस्तोः पालिकामा संकलित राजस्व रकममध्ये आर्थिक वर्षको अन्तिम असार महिनाको अन्तिम दिनमा मात्र रू. ८ लाख ८० हजार ८५४ जम्मा गरेको पाइयो ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजस्व संकलन गर्ने, रसिद नियन्त्रण खाताको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, संकलित राजस्व रकम कानुनमा तोकिएको समयमा नै बैङ्क जम्मा गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विगत तीन वर्षमा व्यवसाय दर्ता तथा नवीकरण शुल्क (व्यवसाय रजिष्ट्रेशन दस्तुर) बापत संकलन गरेको राजस्वको विवरण देहायबमोजिम रहेको छ ।

| **आम्दानी शीर्षक** | **आर्थिक वर्ष** | | |
|---|---|---|---|
| | **२०७७।७८** | **२०७८।७९** | **२०७९।८०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४४०८०२.३२ | ३७४४२३.०० | ४४५४८५.०० |

उपरोक्त विवरणअनुसार पालिकाको तीन वर्षमा व्यावसाय रजिष्ट्रेशन दस्तुरमा प्राप्त भएको राजस्व रकममा एकरुपता देखिदैंन । आर्थिक वर्ष २०७७।७८ मा उठेको राजस्वभन्दा आर्थिक वर्ष २०७८।७९ मा घटेको देखिन्छ भने यस वर्षमा केही राजस्व रकम बढी रू. ४४५४८५.०० उठेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरी राजस्व संकलन कार्य नगरेको हुँदा हरेक वर्ष यस शीर्षकबाट उठ्ने राजस्व रकममा फरक परेको देखियो । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन्। तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक गरी सबै व्यवसायीलाई करको दायराभित्र ल्याई राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **दहत्तर बहत्तर संकलनको परिमाण -** पालिकाले गाउँपालिकामा अवस्थित विभिन्न खोलाहरूबाट नदीजन्य निर्माण सामाग्री उत्खनन् तथा संकलन कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनअनुसार देहायका विभिन्न खोलाहरूबाट उत्खनन्योग्य नदीजन्य सामाग्रीको परिमाण यकिन गरेको छ । प्रतिवेदनमा अनुगमन तथा व्यवस्थापन योजनाअन्तर्गत आधार रेखा अनुगमन, पालना अनुगमन, प्रभाव अनुगमनका विषयवस्तुहरू उल्लेख गरिएका छन् । प्रत्येक महिना जिल्ला समन्वय समिति र पालिकाले तोकिएको परिमाणभन्दा बढी संकलन गरेको छ वा छैन भनि श्रोत जाँच तथा निरीक्षण गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले वातावरणीय अध्ययन प्रतिवेदनअनुसार पालिकाअन्तर्गत देहायबमोजिमका स्थानबाट २९२३५ घनमिटर (१०३२४३२ क्यु.फिट) परिमाण उत्खनन् गरी

राजस्व रू.५१,९४,५४७.८२ संकलन गर्न सकिने उल्लेख भएको छ । मिति २०७९।६।१३ गतेको कार्यपालिकाको निर्णयानुसार हर्चना खोला क्षेत्रबाहेक ६५ प्रतिशत परिमाणको लागि ठेक्का बन्दोबस्त गर्न निर्णय गरेकोमा पालिकाले प्रथम पटक मिति २०७९।६।२३ गते आइ.इ.इ. प्रतिवेदनमध्ये ५,४१,१७० क्यु.फिट परिमाण उत्खननका लागि न्यूनतम राजस्व रकम रू. २५,७२,३३७.०९ (सेवा शुल्क र मु.अ.कर बाहेक) मा बोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा निर्धारित समयमा कुनै पनि बोलपत्र परेको देखिएन । पालिकाले उत्खनन् गर्नुपर्ने परिमाण संशोधन गरी पुनः दोस्रो पटक मिति २०७९।८।१२ गते ३,०८,५०४ क्यु.फिट परिमाण उत्खनन्का लागि न्यूनतम राजस्व रकम रू. १५,४३,४०२.३१ ०९ (सेवा शुल्क र मु.अ.कर बाहेक) मा बोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा समेत निर्धारित समयमा कुनै पनि बोलपत्र परेको देखिएन । कार्यपालिकाको निर्णयानुसार उत्खनन् गर्नुपर्ने परिमाण संशोधन गरी पुनः तेस्रो पटक मिति २०७९।९।१२ गते १,७५,८४७ क्यु.फिट परिमाण उत्खनन्का लागि न्यूनतम राजस्व रकम रू. ८,७९,७३९.३० (सेवा शुल्क र मु.अ.कर बाहेक) मा बोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा श्री स्नेहा निर्माण सेवा, भद्रपुर-१०, झापाले भ्याटसहित रू. ११,९०,७६८.०१ कवोल गरेको हुँदा उक्त फर्मसँग मिति २०८०।२।१४ गते सम्झौता गरी कार्यदेश दिइएको देखिन्छ । वातावरणीय अध्ययन प्रतिवेदन तथा ठेक्कामा उल्लेख भएको परिमाणअनुसार ठेकेदारले नदीजन्य सामाग्री उत्खनन गरे नगरेको सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन प्रतिवेदन तयार नगरेको र ठेकेदारले सम्झौतामा तोकिएको परिमाण उत्खनन् गर्न नसकेको भनी निवेदन दिएको देखिएको तथा दोस्रो किस्ताबापतको रकम समेत जम्मा नगरेको हुँदा सो सम्बन्धमा यकिन गर्न सकिएन ।अतः पालिकाले प्रतिवेदनमा उल्लेख भएबमोजिमको परिमाण उत्खनन् भए नभएको परिमाण यकिन गर्ने तथा सोबाट पर्न गएको प्रभावसम्बन्धमा अनुगमन गरी कानुनको कार्यान्वयन प्रभावकारीरूपमा गर्नुपर्दछ ।

| क्र.सं. | संकलन गरिने क्षेत्र | उत्खनन्योग्य परिमाण (घ.मि.) | ठेक्कामा उत्खनन्का लागि तोकिएको परिमाण (क्यु.फिट) |
|---|---|---|---|
| १ | हर्चना | ६८३४ | ० |
| २ | राई टोल | ३२३.२० | २५२७.०६ |
| ३ | कन्टरगुटु | ४५७६.५० | ३५९२५.२५ |
| ४ | धोक्रे गाउँ | ७०२१.५० | ५५११७.२९ |
| ५ | तल्लो देउनिया | १०४८०.०० | ८२२७७.५२ |
| **जम्मा** | | **२९२३५.२०** | **१७५८४७.१२** |

सैद्धान्तिक बेरुजु

१७ **राजस्व दाखिला नभएको -** पालिकाले नदिजन्य सामाग्री उत्खनन् तथा बिक्रीका लागि श्री स्नेहा निर्माण सेवा, भद्रपुर-१०, झापासँग भ्याटसहित रू. ११,९०,७६८.०१ (भ्याट रू. १,३६,९९१.०१) मा मिति २०८०।०२।१४ गते सम्झौता गरेको छ । सम्झौताको बखत उक्त फर्मले पहिलो किस्ताबापत रू. ५,९५,३८६.०० नगदै जम्मा गरेको र बाँकी रकम रू. ५,९५,३८६.०० को माछापुच्छ्रे बैङ्क लिमिटेड, चन्द्रगढी शाखाबाट जारी भएको (Guarantee No 117PBGTE8100154, म्याद समाप्त हुने मिति January 14, 2024 AD) कार्यसम्पादन जमानत पेश गरेको छ। सम्झौताको बुँदा नं. ३ मा सम्झौताबमोजिमको अन्तिम किस्ता रकम २०८० जेठ २५ गतेसम्ममा बुझाइ सक्ने र बुँदा नं. ११ मा तोकिएको म्यादभित्र रकम नबुझाएमा बाँकी रकमको १० प्रतिशतका दरले व्याजसमेत ठेकेदारबाट

असुल गर्नुपर्ने उल्लेख छ । उक्त फर्मले पहिलो किस्ताबापतको रकम बुझाएपनि बाँकी रू. ५,९५,३८६.०० हालसम्म बुझाएको नदेखिएको हुँदा सम्बन्धित फर्मबाट बाँकी रकम असुल गर्ने वा बैङ्क जमानत जफत गरी भ्याटबापतको रकम रू. १,३६,९९१.०१ सङ्घीय सञ्चित कोष र बाँकी रकम स्थानीय तह विभाज्य कोष खातामा जम्मा गर्नुपर्दछ । साथै, फर्मले बुझाउन बाँकी रकमको १० प्रतिशतले हुन आउने व्याज रकम समेत असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५,३८६ |

१८ **हाटबजार ठेक्का -**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।१४ को निर्णयबाट रू.१७,७७५।- सम्परीक्षण गरिएको ।)***

१९ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधारअन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरू प्रत्येक वर्षको वैशाख दश गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा

वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोहीअनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर, पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा देहायबमोजिम ५ वडाको लागि संशोधित वडास्तर र पालिकास्तर गरी कुल १६६ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना संख्या | रू. २० लाखमाथिका योजना संख्या | रू. ५ लाखदेखि २० लाख सम्मका योजना संख्या | रू. ५ लाखभन्दा कमका योजना संख्या | योजना कार्यान्वयन नभएको संख्या |
|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७९ | १८ | १८ | ४३ | २८ |
| २ | वडास्तरीय | ८७ | ० | ४ | ८३ | ७ |
| **जम्मा** | | **१६६** | **१८** | **२२** | **१२६** | **३५** |

उपर्युक्त विवरणअनुसार पालिकाले कुल योजनामध्ये ७५.९० प्रतिशत योजना पाँच लाखभन्दा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी, यो वर्ष सभाले पूर्वाधार विकास क्षेत्रका लागि पारित गरेका उल्लेखित योजनामध्ये पालिकाबाट १३१ वटा योजना कार्यान्वयन भई ३५ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी वितरणमुखी योजनालाई न्यूनीकरण गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको व्यवस्था छ । उक्त समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको भएता पनि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षको नीति तथा

कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गरेको छैन । आगामी दिनमा पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **वजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री लक्ष्मी देवी मैनालीले मिति २०७९।०३।१० मा रू. ४७ करोड ४६ लाख ५८ हजार ०७५ को बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१७ मा पारित भएको छ । यसै गरी पालिकाका अध्यक्ष श्री रविन्द्र प्रसाद लिङ्देनले मिति २०७९।०३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी पारित भएको बजेट तथा कार्यक्रमलाई आर्थिक वर्षभित्र सम्पन्न गरी सक्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **वजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्थासमेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष गत वर्षको अ.ल्या. रकम (मर्मत कोष) मा रू. ३४ लाख ९९ हजार अबण्डा बजेट व्यवस्था गरी विभिन्न १२ वटा योजनामा रू. ३१ लाख ६३ हजार खर्च गरेको छ । बजेट अबण्डामा राखी तोकआदेश वा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । विगत वर्षका लेखापरीक्षणमा समेत यस विषयलाई औंल्याइएकोमा अझैपनि सुधार भएको देखिएन । तसर्थ, यस्ता बजेट खर्चलाई नियन्त्रण गर्दै पारदर्शिता र पद्धतिमा आधारित बजेट बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **वजेट रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट १५७ वटा योजना संशोधन गरी १४० वटा थप योजनामा रू. ७ करोड ९२ लाख ९५ हजार रकमान्तर गरी खर्च गरेको र उक्त निर्णय गाउँ सभाबाट समेत अनुमोदन गरिएको छ । उक्त रकम कुल वजेटको तुलनामा १६.७१ प्रतिशत रहेको छ । यसरी बजेट रकमान्तर गरी खर्च गर्नाले वित्तीय अनुशासन कमजोर हुने तथा कामको गुणस्तरीयता र प्रभावकारिता समेत नहुने देखिन्छ । पालिकाले आगामी वर्षमा योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

२७ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नुपर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकम समावेश गरेर बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाको सूत्रको म.ले.प.फा.नं. २७२ को अनुसूची २० अनुसार देहायबमोजिम भुक्तानी दिन बाँकीको विवरण उल्लेख गरी विभिन्न योजनाहरूमा रू.२२,८६,६५५.०० को भुक्तानी दिएको छ । यसरी ऐनको प्रावधानअनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गर्नुपर्नेमा वास्तविक आयभन्दा बढीको बजेट निर्माण गर्दा बजेटको अभाव भएको तथा प्राविधिक समस्याको कारण भुक्तानी दिन बाँकीका योजनाहरू रहन गएको पालिकाले प्रतिक्रिया दिएको छ । आगामी दिनमा पालिकाले यथार्थ आम्दानीको आधारमा बजेट तर्जुमा गर्ने तथा तोकिएको सीमाभित्र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम रू. |
|---|---|---|---|
| १ | तेजस्वि कम्प्युटर सर्पोट | 0nline ups, Battery, Stabilizer खरिद, कार्यपालिकाको निर्णय बमोजिम | ५६८३९० |
| २ | मोवाईल पसल | वडाको लागि ईन्भटर प्रिन्टर ज्याक ईहाजिरि र गिगा वाईट स्वीच ज्याक खरिद | ४९१५५० |
| ३ | वेलागाडा चौक स्तम्भ निर्माण उपभोक्ता समिति, स्तम्भ निर्माण समिति | स्तम्भ निर्माण (बेलागाडा र भजन चोक ) | ४१८००० |
| ४ | हल्दीबारी स्वास्थ्य चौकि, उमा रेग्मि भट्टराई | बिजुलि पानी तथा स्वास्थ्य चौकि सञ्चालन खर्च | ८९२४८ |
| ५ | जलथल स्वास्थ्य चौकी, राम प्रसाद ढकाल | बिजुलि पानी तथा स्वास्थ्य चौकि सञ्चालन खर्च | ३७६२४ |
| ६ | गोलथाप स्वास्थ्य चौकि,याम प्रसाद नेउपाने | बिजुलि पानी तथा स्वास्थ्य चौकि सञ्चालन खर्च | ४३२१५ |
| ७ | बालकृष्ण बेडारी | गाँउपालिकको पुरानो भवनको बिजुलि तथा पानी | १९०२८ |
| ८ | पाथिभरा होम मार्केट | कार्यालय तथा सभाको लागि आवश्यक छपाई वडामा पठाईएको सामानहरू | ४४६३५० |
| ९ | सिटिजन बैक लि | गणक तथा सुपरिबेक्षकको तलब | १७३२५० |
| | **जम्मा** | | **२२८६६५५** |
| | | | सैद्धान्तिक बेरुजु |

२८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षकअन्तर्गत वार्षिक रू. १५ करोड ८६ लाख ९६ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. १ करोड ५२ लाख ८९ हजार, राजस्व बाँडफाँडबाट रू. ७ करोड ३१ लाख ३२ हजार र अनुदानबाट रू. ३७ करोड ४५ लाख ०३ हजारसमेत रू. ४६ करोड २९ लाख २४ हजार आम्दानी भएकोमा चालुतर्फ रू. २८ करोड १० लाख ४० हजार र पूँजिगततर्फ रू. १५ करोड ८६ लाख ९६ हजारसमेत रू. ४३ करोड ९७ लाख ३६ हजार खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ३.४८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ४६ लाख ४८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३०.४० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.७१ प्रतिशत चालु र ३९.२९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यान्वयन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्ने र नियम ३६ बमोजिम प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाको सूत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार विभिन्न शीर्षकमा भएको वित्तीय प्रगति देहायबमोजिम रहेका छन्-

| खर्च शीर्षक | योजना संख्या | कुल बजेट रकम (रू.हजारमा) | वार्षिक वित्तीय प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शून्य प्रगति | २५%-५०% सम्म प्रगति | ५०%-९०% सम्म प्रगति | ९०% भन्दा माथिको प्रगति |
| गाउँपालिका | १९४ | १४०२५० | ५० | १४ | २३ | १०७ |
| सङ्घीय शसर्त अनुदान | १२ | ३८४६४ | १२ | १ | १ | १० |
| सङ्घीय समपुरक अनुदान | १ | १०००० | ० | ० | ० | १ |
| प्रदेश शसर्त अनुदान | ८ | ६७०० | ० | १ | ० | ७ |
| प्रदेश समपुरक अनुदान | २ | १०००० | ० | ० | २ | ० |

पालिकाले विनियोजित बजेट तथा कार्यक्रमको लक्ष्य र प्रगति प्राप्त गर्न तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरूपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट प्राप्त त्रैमासिक प्रतिवेदनअनुसार पुँजीगत खर्चको स्थिति देहायबमोजिम रहेको छ ।

| बजेट शीर्षक | विनियोजित बजेट रू. | कुल खर्च रू. | त्रैमासिक खर्च (रू. हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| कुल पुँजीगत खर्च | २,०५,४४३ | १,५८,६९७ | २९,००९ | १२,१९६ | १९,७११ | ९७,७८१ | ४७,४२७ |
| खर्चको प्रतिशत | १०० | ७७.२५ | १८.२८ | ७.६९ | १२.४२ | ६१.६१ | २९.८८ |

प्राप्त विवरणको विश्लेषण गर्दा कुल पुँजीगत खर्चमा विनियोजन भएको बजेटमा ७७.२५ प्रतिशत मात्र खर्च भएको छ। कुल खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ६१.६१ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको २९.८८ प्रतिशत खर्च भएको देखिन्छ । पालिकामा लामो समयसम्म आर्थिक अख्तियारी प्राप्त कर्मचारी नभएको हुँदा अन्तिम समयमा धेरै खर्च हुन नसकेको प्रतिक्रिया दिएको छ । यसरी पालिकाले अन्तिम त्रैमासिकमा मात्र सबैभन्दा बढी खर्च हुनु र असार महिनामा आधाभन्दा बढी खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले त्रैमासिकरूपमा निर्धारित गरिएको लक्ष्य र समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८।७९ मा देहायबमोजिम क्षेत्रगत बजेट र खर्चको स्थिति रहेको देखिन्छ ।

रू. हजारमा

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्चमध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २९६४६ | २००२७ | ४.५५ |
| सामाजिक विकास | २३४५७१ | २०४५४२ | ४६.५१ |
| पूर्वाधार विकास | १७६०७५ | १३१७६६ | २९.९६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७०१४ | १६२१३ | ३.६९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ७७०७१ | ६७१८९ | १५.२८ |
| जम्मा | ५३४३७६ | ४३९७३७ | १००.०० |

पालिकाले योजना तर्जुमा गरी खर्च गरेको विवरण विश्लेषण गर्दा आर्थिक विकास तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम बजेट खर्च भएको देखिन्छ । जसले गर्दा पालिकाको समग्र क्षेत्रमा विकास हुन सक्दैन । अतः आगामी दिनमा पालिकाले दिगो र छिटो प्रतिफल प्राप्त हुने गरी समानुपातिक रूपमा बजेट विनियोजन गर्ने र सो को कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले पालिकाले देहायबमोजिमको कानुन तर्जुमा गरी र कानुन तर्जुमा नगरी कार्यक्रममा बजेट विनियोजन गरी निवेदनमा तोकआदेश गरी वा कार्यपालिकाको निर्णयबाट विभिन्न संघसंस्था र व्यक्तिहरूलाई रू. ८३ लाख २७ हजार आर्थिक सहायता वितरण गरेको छ ।

| **क्र.सं.** | **स्वीकृत कानुन तथा कार्यक्रम** | **कार्यान्वयन** | **खर्च रू.** |
|---|---|---|---|
| १ | जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य कोष सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ | समितिको निर्णयअनुसार बढिमा रू. २५ हजारसम्म | १८,३९,७०३.०० |
| २ | नागरिक तथा संस्थागत सहायता कार्यविधि, २०७९ | अध्यक्षले रू. २० हजारसम्म र रू. ४० हजारसम्म समितिको निर्णयअनुसार | १०,३७,३३०.०० |
| ३ | विपद् व्यवस्थापन कोष | कार्यपालिकाको निर्णयअनुसार | ११,६०,२०८.०० |
| ४ | खानेपानी संरचना निर्माण, सुधार तथा निशुल्क खानेपानी वितरण कार्यक्रम | महिनामा १० युनिटसम्मको खानेपानीको बिलबमोजिमको रकम | १८,७१,२४५.०० |
| ५ | कक्षा ११ र १२ मा निःशुल्क शिक्षा कार्यक्रम | शिक्षकको तलब भुक्तानी | २३,२१,३९७.०० |
| | **जम्मा रू.** | | **८३,२७,८८३.००** |

पालिकाले आर्थिक सहायता वितरणको कुनै मापदण्डसमेत निर्धारण गरेको देखिदैंन । पालिकाको आफ्नो आन्तरिक राजस्व आम्दानी रू. १ करोड ५२ लाख ८९ हजार मात्र रहेकोमा आन्तरिक आयको ५४.४७ प्रतिशत सहायता आन्तरिक स्रोतको साथै समानीकरण र राजस्व बाँडफाँड स्रोतबाट समेत समानरूपमा भरपाईको आधारमा नगदै ठूलो रकममा सहायता वितरण गरेको छ । पालिकाले सहायता वितरणको प्रभाव मूल्याङ्कनसमेत गरेको देखिएन, जसले गर्दा दिर्घकालमा पालिकालाई ठूलो आर्थिक व्ययभार पर्न जाने तथा सहायता वितरणमा मितव्ययीतासमेत हुन सक्दैन। अतः आगामी दिनमा पालिकाले आफ्नो आन्तरिक आयलाई समेत मध्यनजर गर्दै आर्थिक सहायता परिचालनलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाई मानव विकास सूचकांकको आधारमा मात्र सहायता प्रदान वितरण गर्नका लागि आर्थिक सहायता परिचालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **सेवा प्रवाह -** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरू पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्य क्षेत्रभित्रका नागरिकता सिफारिस घरबाटो सिफारिस नाता प्रमाणित व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २०२८ | १९९३ | ३५ | |
| २ | घरबाटो सिफारिस | ४५२ | ४४० | १२ | |
| ३ | नाता प्रमाणित | ६९० | ६८६ | ४ | |
| ४ | व्यक्तिगत घटना दर्ता | ११०० | १०८२ | १८ | |
| ५ | अन्य | ९८३२ | ८५५५ | १२७७ | |

प्राप्त विवरणअनुसार नागरिकले सेवा प्राप्तिका लागि दिएको निवेदन भन्दा सिफारिस हुने संख्या कमी देखिन्छ । सेवा प्राप्तिका लागि प्राप्त निवेदनमा आवश्यक कागजात नभएकोजस्ता कारणले सबै निवेदनको सिफारिस दिन नसकिएको प्रतिक्रिया पालिकाले दिएको छ । आगामी दिनमा पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबै निवेदनको कारवाही गर्ने तथा सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरू समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ६ वटा नियमावली, ४३ वटा कार्यविधि, ७ वटा निर्देशिका र ४ वटा नर्म्सलगायत ८१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरूमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने र समाधान हुन नसकेमा विवाद समाधानको लागि अदालतमा तत्सम्बन्धी मिसिल तथा कागजात पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार समितिको उजुरी दर्ता र फर्स्यौटको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.सं. | उजुरीको प्रकार | गतवर्षको बाँकी | यस वर्ष थप | जम्मा | यो वर्ष फस्यौंट | फस्यौंट हुन बाँकी | समयमै फस्यौंट नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति | १ | १ | २ | ० | २ | |
| २ | जग्गा भोगचलन | १ | १ | २ | १ | १ | |
| ३ | ज्याला मजदुरी | ६ | ० | ६ | ० | ६ | |
| ४ | धुलो धुँवा प्रदुषण | १ | ० | १ | ० | १ | |
| ५ | लेनदेन | १० | ५ | १५ | १ | १४ | |
| ६ | मानाचामल | १ | ० | १ | ० | १ | |
| ७ | जग्गा सीमाना विवाद | २ | ० | २ | ० | २ | |
| **जम्मा** | | २२ | ७ | २९ | २ | २७ | |

पालिकाको न्यायिक समितिमा दर्ता भएको उजुरीमध्ये अधिकांश उजुरीहरू तोकिएको समयमा फस्यौंट भएको छैन। प्राप्त विवरण अनुसार पालिकाको न्यायिक समितिमा गतवर्षको बाँकी उजुरी संख्या २२ वटा रहेकोमा यो वर्ष ७ वटा थप भई २९ वटा उजुरी रहेकोमा २ वटा मात्र उजुरी फस्यौंट भई २७ वटा उजुरी बाँकी रहेको देखिन्छ । कानुनले दिएको अधिकार र समय सीमाभित्र पालिकामा दर्ता भएको उजुरी फस्यौंट गर्नेतर्फ न्यायिक समितिले ध्यान दिएको देखिएन । आगामी दिनमा समितिले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्माइलन नेपाल, झापासँग पालिकाबाट सम्पादित कार्यहरूको सार्वजनिक सुनुवाई गर्न रू. २०००००.०० भुक्तानी गर्ने गरी सम्झौता गरेको देखिन्छ । उक्त फर्मले सम्झौताअनुसार अन्तिम चरणको सार्वजनिक सुनुवाई हुन सकेको देखिएन भने उक्त फर्मलाई रू. १ लाख ३२ हजार मात्र भुक्तानी भएको देखिन्छ भने सम्झौताअनुसारको कार्य नगरेको उक्त फर्मलाई कारवाही गरेको समेत देखिएन । पालिकाले तोकिएबमोजिम पालिकाबाट सम्पादित कार्यको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईजस्ता कार्य प्रभावकारीरूपमा गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्धन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था रहेको र पालिकाको जिम्मामा रहेको सरकारी घर, जग्गा तथा कार्यालयअन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरणअनुसार पालिकाको हालसम्मको घर, जग्गा र एक लाखभन्दा बढीको सवारी साधन तथा उपकरणको विवरण देहायबमोजिम रहेको छ । पालिकाले सबै सम्पत्तिहरूको विवरण अद्यावधिक गरी

राखेको देखिदैंन । अतः पालिकाले आफु मातहातमा रहेको सम्पत्तिको खोजी गर्ने तथा सम्पत्तिको संरक्षण र संवर्धन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सम्पत्ति | प्राप्ति मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| <u>जग्गा क्षेत्रफल र संख्या सहित</u> | | | | |
| गाउँपालिकाको कार्यालय (बिगा.कट्टा.धुर) | | १-१०-८ | निःशुल्क | |
| वडा नं. १ को कार्यालय (बिगा.कट्टा.धुर) | | 0-१०-० | निःशुल्क | |
| वडा नं. २ को कार्यालय (बिगा.कट्टा.धुर) | | ०-४-० | निःशुल्क | |
| वडा नं. ३ को कार्यालय (बिगा.कट्टा.धुर) | | ०-१०-० | निःशुल्क | |
| वडा नं. ४ को कार्यालय (बिगा.कट्टा.धुर) | | ०-४-१० | निःशुल्क | |
| वडा नं. ५ को कार्यालय (बिगा.कट्टा.धुर) | | ०-६-० | निःशुल्क | |
| प्रहरी चौकी गोलधाप (बिगा.कट्टा.धुर) | | ०-१०-० | निःशुल्क | |
| प्रहरी चौकी हल्दीबारी (बिगा.कट्टा.धुर) | | ०-३-० | निःशुल्क | |
| प्रहरी चौकी जलथल (बिगा.कट्टा.धुर) | | ०-५-० | निःशुल्क | |
| हल्दीबारी आधारभुत अस्पताल (बिगा.कट्टा.धुर) | | ०-१९-० | निःशुल्क | |
| गोलधाप स्वास्थ्य चौकी (बिगा.कट्टा.धुर) | | ०-७-० | निःशुल्क | |
| हल्दीबारी स्वास्थ्य चौकी (बिगा.कट्टा.धुर) | | ०-७-१० | निःशुल्क | |
| पूरानो उपस्वास्थ्य चौकी हल्दीबारी (बिगा.कट्टा.धुर) | | ०-१-५ | निःशुल्क | |
| जलथल स्वास्थ्य चौकी (बिगा.कट्टा.धुर) | | ०-५-० | निःशुल्क | |
| <u>सवारी साधन (रू.१ लाखभन्दा बढी)</u> | | | | |
| सम्पत्ति | प्राप्ति मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
| चारपाङ्ग्रे जीप | | १ | ५५०००००.०० | |
| मोटरसाइकल | | २१ | ५००००००.०० | |
| <u>उपकरण (रू.१ लाखभन्दा बढी)</u> | | | | |
| व्याक हो लोडर | | १ | ४५०००००.०० | |

सैद्धान्तिक बेरुजु

३९ **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायता वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्य, कृषि, पशु, शिक्षालगायतका शाखा र वडाहरूका लागि खरिद गरिएको सामग्रीहरू कार्यालयको

केन्द्रीय जिन्सी खातामा आम्दानी गरेर मात्र सम्बन्धित शाखा र वडाहरूलाई हस्तान्तरण गरी खर्च गर्नुपर्नेमा गरेको पाइएन । लेखापरीक्षणको क्रममा कतिपय सामग्रीहरूलाई केन्द्रीय जिन्सी खातामा आम्दानी गर्न समेत लगाइयो । पालिकाअन्तरगतका शाखा र वडा कार्यालयहरू Cost Centre को रूपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी पालिका मातहतका इकाईहरूलाई स्थायी प्रकृतिका मालसामानहरू उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । पालिकाले सबै शाखा र वडाहरूका नाममा खर्च जनाइएका सबै जिन्सी सामग्रीहरूको अनुगमन गरी मुल जिन्सी खातामा आम्दानी जनाई जिन्सी अद्यावधिक गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **धरौटी सदरस्याह -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्ने, नियम ३७(२) मा एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र उक्त म्यादभित्र त्यस्तो धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको धरौटी स्रेष्ता तथा बैङ्क विवरणअनुसार आर्थिक वर्षको अन्त्यमा रू. २,०३,७३,४६०.८५ बाँकी रहेको देखिन्छ । पालिकाको धरौटी खातामा लामो समयसम्म धरौटीको प्रयोजन समाप्त भएपनि रकम फिर्ता भएको देखिएन । अतः कानुनबमोजिम धरौटीको प्रयोजनको समाप्त भएको धरौटी रकम फिर्ता गर्ने अन्यथा सदरस्याह गरी राजस्वमा जम्मा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरेको छैन । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा स्वीकृत दरबन्दी संख्या ५९ जना रहेकोमा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ जना कर्मचारी कार्यरत रहेका छन् भने ६ वटा पद रिक्त रहेको देखिन्छ । त्यसैगरी, पालिकाले वडालगायत अन्य कार्यालयमा ५२ जना करार सेवामा कर्मचारी नियुक्त गरी रू. १ करोड ६३ लाख ९३ हजार ३७१ खर्च गरेको देखिन्छ । पालिकाले स्वीकृत दरबन्दीभन्दा स्थायी र करार कर्मचारीको पदपूर्ति संख्या बढि रहेकोमा कार्यालय सहयोगी, कम्प्युटर अप्रेटरलगायतमा करार कर्मचारी कार्यरत रहेको प्रतिक्रिया दिएको छ । पालिकाले सम्पादन गर्नुपर्ने कामको प्रकृति, आवश्यक र राजस्व क्षमताको आधारमा संगठन र जनशक्ति व्यवस्थापन कार्य गर्नुपर्दछ । साथै, पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणपछि दरबन्दी समायोजन गर्ने तथा रिक्त हुने पदमा प्रदेश लोक सेवा आयोगमार्फत पदपूर्ति गरी पालिकाको समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउने र कर्मचारीहरूलाई प्रदान गर्ने भत्तामा मितव्ययीता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारितका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, झापालाई पठाएकोमा खरिदार १, स्वास्थ्य तर्फ ११, प्रदेशबाट सिफारिस भएका ११ गरी जम्मा २२ जना कर्मचारीको तलबी प्रतिवेदन पारित भएको छैन । पालिकाले यस आर्थिक वर्षमा उपरोक्त कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी जम्मा रू. १ करोड ३० लाख ८८ हजार ३८७ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब भत्ताको खर्च लेख्दा वास्तविक पाउने तलब भत्ताभन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **कर्मचारी कल्याण कोष -** पालिका वा पालिकाअन्तर्गत कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरी कर्मचारीको हकहित र कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी र प्रोत्साहित गर्न कर्मचारी कल्याण कोषसम्बन्धी कानुन बनाई सोको कार्यान्वयन गर्नुपर्दछ । तर पालिकाले कर्मचारी कल्याण कोषसम्बन्धी कानुनको तर्जुमा गरेको छैन भने सूत्रका कर्मचारी कल्याण कोषको अभिलेख राखेको छ । पालिकाले कर्मचारी कल्याण कोष खर्च शीर्षकमा बजेट रू. १० लाख विनियोजन गरेको भएपनि कोष स्थापना गरी सो कोषमा रकम जम्मा गरेको छैन । पालिकाले यस आर्थिक वर्षमा स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८० को दफा ५८ अनुसार उपदानबापत आलेप सहायक हेमराज वनलाई रू. ९,००,७३३.०० र स्वास्थ्य स्वयसेविका मिरादेवी गुरुङलाई रू. १,२०,०००.०० भुक्तानी दिएको छ । पालिकाले यससम्बन्धी कानुनको निर्माण गरी कोषको स्थापना र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४४ **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेस्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्योँट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्योँट हुन बाँकी पेस्कीको विवरण तयार गर्ने, पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा फस्योँट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको फस्योँट गर्न बाँकी पेस्कीको मास्केवारी (म.ले.प.फा.नं. २११) अनुसार अनुसूचिमा संलग्नमा उल्लिखित कर्मचारी, ठेकेदार, संस्था तथा व्यक्तिलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्योँट नभई रू.३,६३,२२,९००.०० बाँकी रहेको देखिन्छ । सोमध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रू.१४,९८,०००.०० फस्योँट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्योँट गर्नुपर्दछ ।

| पेस्की | १४,९८,००० |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

४५ **पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी -** प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को दफा २१ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने र रकम व्यवस्था भएको अवस्थामा धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था

आएमा त्यस्तो जरिवानाबापतको रकम तोकिएको जिम्मेवार व्यक्ति वा सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहीले असुल उपर गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी गर्दा रिवेट (छुट) नलिई रू. ४१,४३२ जरिवानाको रकम समेत भुक्तानी गरेको र अग्रिम (Advance) रकम भुक्तानी गर्ने गरेको पाइएको हुँदा आगामी दिनमा महसुल भुक्तानी गर्दा रिवेट (छुट) लिने गरी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **इन्धन खर्च** - प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धन (कार्यालय प्रयोजन) शिर्षकबाट यस वर्ष व्याक हो लोडर १, चारपाङ्ग्रे सवारी साधन १ र मोटरसाइकल २१ लगायत सवारी साधनले प्रयोग गरेको इन्धन खर्चमा रू.२० लाख ९५ हजार खर्च गरेको छ । पालिकाले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फस्योंट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४७ **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष व्याक हो लोडर १, चारपाङ्ग्रे सवारी साधन १ र मोटरसाइकल २१ लगायत सवारी साधन मर्मतमा रू. १९ लाख ९५ हजार र मेशिनरी औजार तथा अन्य मर्मत सम्भारमा रू. ९ लाख ४१ हजार खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संरक्षण अभिलेख खाता राखेको पाइएन । आगामी दिनमा पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनुको साथै नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **भ्रमण खर्च** - पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रू.१३ लाख २९ हजार खर्च गरेको छ । गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्-

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,
- भ्रमण पश्चात् तोकिएबमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,
- कतिपय भ्रमणहरू पालिकासँग असम्बन्धित कर्मचारीहरूलाई खर्च भुक्तानी गर्ने गरेको,

- स्पष्ट प्रयोजन बेगर कर्मचारी तथा पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **अध्ययन अवलोकन भ्रमण -** गाउँ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १ (क) मा गाउँपालिकाको जनप्रतिनिधिहरूलाई भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छ र कर्मचारीलाई भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाले अनुसूचिमा संलग्न भएबमोजिम जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि अध्ययन अवलोकन गरी रू. १ लाख ७० हजार खर्च गरेको पाइयो । कानुनमा जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि अध्ययन अवलोकन भ्रमणको लागि छुट्टै व्यवस्था रहेको पाइएन। पालिकाले यसरी अध्ययन अवलोकन भ्रमण गरेकोमा भ्रमण प्रतिवेदन तयार गरेको भए तापनि भ्रमणबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न सकेको छैन । आगामी दिनमा हुने भ्रमणलाई पालिकाको लागि उपलब्धिमूलक बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा खर्च संकेत नं. २२७११ विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरूसम्बन्धी खर्च कार्यालय सुरक्षासम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत र अतिथि, सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरू समावेश हुने उल्लेख छ । कार्यालय सञ्चालनको लागि कर्मचारी तथा पदाधिकारीलाई खाना खर्चबापतको रकम भुक्तानी गर्न मिल्दैन । पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ रू. ३३ लाख खर्च गरेको छ । त्यस्तै, सभा सञ्चालन कार्यमा रू. १ लाख ६६ हजार खर्च गरेको छ । उक्त व्याख्या र वर्गीकरणअनुसार खर्च पुष्टी हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **अनुत्पादक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययितासम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययितासम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गरेको छैन । पालिकाले शुभकामना आदान प्रदान, स्वागत, बिदाई जस्ताकार्यक्रम राखी निम्नअनुसार रू. ३ लाख ५० हजार ४४० खर्च गरेको छ । यस्तो अनुत्पादक, प्रतिफलविहिन खर्चमा नियन्त्रण गरी मितव्ययिता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | खर्चका विवरण | बजेट खर्च |
|---|---|---|---|
| २३४।२०७९।०७।२१ | राजन खतिवडा | तिज कार्यक्रम वडा नं. ३ | १६००० |
| २३६।२०७९।०७।२१ | गोलथाप बजार व्यावस्थापन समिति | नवमी मेला | ५०००० |
| ४८४।२०७९।१०।१२ | हरिमाया श्रेष्ठ | अपाङ्गलाई न्यानो कपडा वितरण | ४५७४० |
| ७९४।२०८०।०२।२८ | ओम कृष्ण सिलवाल | जेष्ठ नागरिकलाई तिर्थस्थल भ्रमण | १७५००० |
| ८१५।२०८०।०३।०४ | तुलसा खत्री | थारु समुदायको कपडा वितरण | ३८७०० |
| ८९९।२०८०।०३।२१ | भद्रशिव आमा समुह | नौमति बाजा खरिदका लागि भुक्तानी | २५००० |
| **जम्मा** | | | **३५०४४०** |

सैद्धान्तिक बेरुजु

५२ **सूचना प्रकाशनमा छुट -** गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवम् विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २ क मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरेबापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । त्यसैगरी, पालिकाले वर्षभरी प्रकाशन गर्ने विज्ञापनमा बढीभन्दा बढी छुट प्राप्त गर्न सिलबन्दी दरभाउपत्रमार्फत मिडिया एजेन्सीको सूची दर्ता गराई खर्चमा मितव्ययीता कायम गर्न सकिन्छ । पालिकाको नजिकै रहेको झापा गाउँपालिकाले सूचना प्रकाशनको लागि दरभाउपत्रमार्फत् सूचना प्रकाशनमा ८५ प्रतिशतभन्दा बढी छुट लिएको छ । तर, पालिकाले विज्ञापनको रकम भुक्तानी गरेको नमुना परीक्षण गर्दा ८.६९ प्रतिशतसम्म मात्र छुट लिएको देखिन्छ । आगामी दिनमा पालिकाले विज्ञापन प्रकाशन गर्दा सिलबन्दी दरभाउपत्रमार्फत् दररेट स्वीकृत गर्ने वा सरकारी कार्यालयले प्राप्त गर्ने कम्तीमा २५ प्रतिशतसम्मको छुट रकम लिनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **सहकारी नियमन -** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म २२ वटा सहकारी संस्थाहरू दर्ता भएका छन् । पालिकाभित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ८ वटा सहकारीहरूको विवरण रहेको र अन्यको विवरण दाखिला गरेको पाइएन । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध नहुनु तथा नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ । साथै, पालिकाको बजेट खर्चको नमुना परीक्षण गर्दा श्री सतलोक बहुउद्देश्यीय सहकारी लि., हल्दीबारी-२, झापाले रू. १५ लाखको कार्यक्रम सञ्चालन गरेको देखिएकोमा हालसम्म उक्त सहकारी संस्था एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण अद्यावधिक नभएको देखिएको हुँदा यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **सार्वजनिक निर्माण व्यवस्थापन -** सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्ः-

निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत राखे तापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरू समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्त्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटि सच्याउने दायित्त्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशनबमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर, पालिकाले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

**गुणस्तर परिक्षण -** सार्वजनिक खरिद तथा निर्माण सम्झौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरूमा प्रयोग हुने निर्माण सामग्रीहरू रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युबसमेतको गुणस्तर परीक्षण केही ठूला ठेक्काहरूमा गरेको प्रमाण पेश भएपनि अधिकांश साना ठेक्काहरू र उपभोक्ता समितिहरूबाट भएका निर्माण कार्यको परीक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरू तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

५५ **भूमिगत सिंचाइ कार्यक्रम —**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रू.३२,१९,४१२।- सम्परीक्षण गरिएको ।)***

५६ **आइ.सि.टि. व्यवस्थापन -** गरमकाली आधारभुत विद्यालय, हल्दीबारी-१, झापालाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत आइ.सि.टि. व्यवस्थापनका लागि रू. ६५००००।- बजेट निकासा दिएको पाइयो । उक्त बजेटबाट सम्बन्धित विद्यालयले कम्प्युटर सोलुसन, बिर्तामोड झापाबाट रू. ६४९८६३।- को उपकरण खरिद गरेको छ । उक्त उपकरणहरूमध्ये Educational PC DTS ED75 रू. ३५०१८७।- (मू.अ.कर सहित) मा खरिद गरेको छ । पालिकाले तयार गरेको Specificaion अनुसार Educational PC DTS ED75 Branded हुनुपर्नेमा ब्राण्ड खुल्ने कागजात पेश भएन । साथै, ISO 9001 हुनुपर्ने भनी उल्लेख भएकोमा नेपालमा दर्ता भएका तोकिएको कम्पनीबाट प्रमाण पत्र जारी भएको नपाईएको हुँदा Specificaion अनुसारको मालसामान आएको यकिन गर्न सकिएन। यस सम्बन्धमा पालिकाबाटै मालसामानको परीक्षण गरी तोकिएको मापदण्ड अनुसारको सामान भए नभएको यकिन हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३,५०,१८७ |

५७ **पाठ्यपुस्तक निर्माण र प्रकाशन -** पालिकाले "हाम्रो हल्दीबारी (कक्षा १-८)" स्थानीय पाठ्यक्रम स्वीकृत गरी शैक्षिक वर्ष २०७९ बाट कार्यान्वयन गरिरहेकोमा उक्त पाठ्यक्रमअनुसार कक्षा १, २ र ३ को पाठ्यपुस्तक लेखन तथा निर्माण र प्रकाशन कार्य गरी रू. ७,१३,३९१.०० खर्च गरेको छ । पालिकाले पाठ्यपुस्तक लेखन तथा निर्माणका लागि लागत अनुमान तयार गरेको देखिएन भने पालिकामा सुचिकृत विज्ञहरूमध्ये दामोदर ढुङ्गेलसहित तीन जनाबाट पेश गरेको प्रस्तावनाअनुसार रू. ३,८३,४००.०० मा पाठ्यपुस्तक लेखनको सम्झौता गरिएको छ । सम्झौतामा पाठ्यपस्तकको गुणस्तरीयता सम्बन्धमा कुनै पनि सर्त सम्झौतामा उल्लेख भएको छैन भने सो सम्बन्धमा पालिकाले प्रयाससमेत गरेको देखिएन । सम्झौताबमोजिमको कार्य गर्नका लागि प्रस्तावकबाट पेश भएको खर्च विवरणमा कक्षा १ को २१, कक्षा २ को लागि २१ र कक्षा ३ को लागि २२ गरी जम्मा ६४ वटा पाठ संख्या लेखन तथा निर्माण गर्ने उल्लेख भएको छ । हाल पालिकाले प्रस्तावदाताबाट तयार भएको पाठ्यपुस्तक समेत प्रकाशन गरेकोमा उक्त प्रकाशित कक्षा १, २ र ३ कक्षाको पुस्तकको पाठ संख्या गणना गर्दा ५४ वटा मात्र रहेकोले प्रस्तावमा उल्लेख भएभन्दा १० वटा पाठहरू कमी लेखन तथा निर्माण गरेको देखिन्छ । प्रस्तावकले सम्झौताअनुसार ६४ वटा पाठ लेखनबापत रकम भुक्तानी लिएको तर प्रस्तावमा उल्लेख भएको पाठ संख्याभन्दा १० वटा पाठहरू कमी लेखन तथा निर्माण कार्य गरेको देखिन्छ । अतः सम्झौताभन्दा १० वटा पाठको बढि भुक्तानी लिएको रू. ५१,०००.०० मध्ये १५ प्रतिशत पारिश्रमिक करबाहेक रू. ४३,३५०.०० सम्बन्धितबाट असुल हुनुपर्दछ । साथै, पाठ्यक्रमअनुसार तयार भएको पाठ्यपुस्तकको गुणस्तरीयता सम्बन्धमा यकिन गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,३५० |

५८ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐनअन्तर्गत् बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैंन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै, सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान सिलबन्दी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमाअनुसार दरभाउ पत्रमार्फत् कार्य गराउनुपर्नेमा अनुसूचीमा संलग्न विवरणअनुसार विभिन्न सामग्रीहरूको खरिद कार्यमा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी रू. १ करोड १० लाखको सोझै खरिद कार्य गराएको देखिएको हुँदा यस्ता खरिद कार्यमा नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

***(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

५९ **युवा क्लबलाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको युवा क्लबको भवन निर्माण कार्यका लागि बजेट रकम खर्च गरेको

पाइयो । यसरी निजी उद्देश्यले स्थापना भएका युवा क्लबका लागि भवन निर्माणबापतको कार्य गराई भुक्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम नियमित हुनुपर्दछ ।

उदाहरणः

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ./मिति | संस्थाको नाम | खर्च/अनुदानको प्रकार | खर्च/अनुदान रकम |
|---|---|---|---|---|---|
| १. | पालिका पुँजीगत | १५४-०८०।२।९ | दिव्य ज्योति युवा क्लब वडा नं.-४ र सिर्जना युवा क्लब वडा नं.-१ | क्लबको भवन निर्माण | ६४३३८३ |
| **जम्मा** | | | | | ६४३३८३ |

| | |
|---|---|
| अनियमित भएको | ६,४३,३८३ |

६० **कार्य सम्पन्न प्रतिवेदन -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रू.५०,००,०००।- सम्परीक्षण गरिएको ।)*

६१ **निःशुल्क खानेपानी वितरण -** पालिकाले निःशुल्क पानी वितरण कार्यका लागि प्रति परिवार प्रति महिना बढीमा १० युनिटको प्रति खपत युनिट रू. १२० का दरले भुक्तानी दिएको पाइयो । यसरी निःशुल्क पानी वितरण गर्दा न्युन आयश्रोत भएको सीमान्तकृत घरधुरी पहिचान गरी त्यस्ता लक्षित परिवारलाई मात्र वितरण गर्नुपर्नेमा पालिकाभित्रका सम्पूर्ण घरधुरीलाई समानरूपमा वितरण गर्ने गरी निर्णय गरेको छ । यसरी वितरणमुखी कार्यक्रम स्वीकृत गरी खर्च गर्दा प्रत्येक वर्ष चालु दायित्त्व बढदै गई विकास निर्माण कार्यका लागि श्रोतसाधन अपुग हुन जाने देखिन्छ । तसर्थ, वितरणमुखी कार्यक्रम सञ्चालन गर्दा सम्पुर्ण जनताको लागि नगरी लक्षित सीमान्तकृत समुह (PRO-POOR) का लागि मात्र गर्नुपर्ने देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा अनुसूचीमा संलग्न विवरणअनुसार निःशुल्क खानेपानीका लागि रू. १७५३६८० खर्च गरेको छ । आगामी दिनमा पालिकाले यस्तो खर्चलाई नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

***(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६२ **स्थलगत अनुगमन -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रू.२२,४१७ ।- सम्परीक्षण गरिएको ।)*

६३ **भेलागुडी सहिद स्मृती पार्क -** भेलागुडी सामुदायिक वन क्षेत्रको हाताभित्र लोकतान्त्रिक सहिद स्मृती पार्क निर्माण गर्नका लागि हल्दीबारी गाउँपालिका र भेलागुडी सामुदायिक वन उपभोक्ता समुहसँग मिति-२०७५।०९।२० मा भएको समझदारी पत्र (MOU) अनुसार पार्क निर्माण कार्यको कुल लागत रकमको १० प्रतिशत सामुदायिक वन

समुहले नगद सहभागिता व्यहोर्नु पर्ने उल्लेख छ । उक्त योजना (CONTRACT NO.-WORKS/NCB/PARK/HRM/075/76) को कुल लागत अनुमान रू. ६,५०,७३,४६०।- (मू.अ.कर सहित) रहेकोमा निर्माण व्यवसायी सि.एम.आर एण्ड सि./नयाँ युग जे.भी., काठमाण्डौसँग भएको सम्झौता रकम रू. ४,७७,४९,५२४।२६ (मू.अ.कर सहित) रहेको छ । उक्त ठेक्काको सातौ रनिङ्ग बिलसम्म रू. ४,१४,४४,३७०।- (मू.अ.कर सहित) भुक्तानी भएको पाइयो । समझदारी पत्रअनुसार कार्य सम्पन्न हुँदा कायम हुन जाने निर्माण लागत रू. ४,७७,४९,५२४।२६ (मू.अ.कर सहित) को १० प्रतिशतले हुन आउने रू. ४७,७४,९५२।- सामुदायिक वन समुहले हालसम्म पालिकाको राजस्वमा जम्मा गरेको पाइएन । उक्त पार्क निर्माण सम्पन्न भएपश्चात् पालिकाले पाउने आम्दानीको प्रतिशतसमेत कमी देखिन्छ । अतः सम्झौतामा पालिकाको आम्दानी अंश बढाउनुपर्ने अन्यथा सम्झौताअनुसार वन समुहबाट १० प्रतिशत रकम असुल गरी पालिकाको राजस्व खातामा जम्मा हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,७४,९५२ |

६४ **पि.एस. आइटम -** सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची ४ अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ। कार्यालयले विभिन्न ठेक्काको प्रोभिजनल सममा राखिएको आइटमवाइज कार्यबापतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्काको PROVISIONAL SUM मा राखिएका आइटमवाइज कार्यको बिल भरपाई पेश भएको अवस्थामा मात्र बिल बमोजिमको रकम भुक्तानी दिनुपर्दछ । पालिकाअन्तर्गत् सञ्चालित अनुसूचीबमोजिमको ठेक्काको आइटमवाइज कार्यमा लागत अनुमान र बि.ओ.क्यू.मा उल्लेखित रकमभन्दा PROVISIONAL SUM बापतको रकम बढी भुक्तानी दिएको पाइएको हुँदा बढी भुक्तानी भएको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

***(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

६५ **ननफाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै, कार्यालयले विभिन्न फर्महरूबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरूले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाबाट भुक्तानी गरिएका नमुना भौचरमध्ये अनुसूचीमा संलग्न फर्महरूको आन्तरिक राजस्व विभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिवृद्धि करमा NON-FILLER रहेको पाइयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अवधिसम्म पनि VAT Non-Filler रहेकोले उक्त फर्महरूले प्राप्त गरेको मू.अ.कर रू. ३३०२२४३ सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ भनि उल्लेख गरेकोमा प्रतिक्रियापछि अनुसूचीमा उल्लिखित फर्महरूको मू.अ. कर रू. १७,६९,८३७.०० को कर समायोजन पत्र पेश हुनुपर्दछ ।

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१४,२२, २०८१।१।१४ र २९ गतेको निर्णयबाट रू.१५,३२,४०६।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,६९,८३७ |

*(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)*

६६ **सक्कल बिल नभएको -**

..........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रू. ६६,०९४।- सम्परीक्षण गरिएको ।*

६७ **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख किताब -** भाडामा प्रयोग भएका सामानहरूको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. ५ को कार्यालय, कर्मचारी आवासलगायतका लागि घर भाडा र कार्यालयको सामाग्री ढुवानी र अनुगमनका लागि सवारी साधन भाडामा लिई रू. ७ लाख ३६ हजार खर्च गरेको छ । पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियण्त्रण भएको देखिएन । साथै, पालिकाले भाडा सम्झौतामा स्पष्ट प्रयोजन खुलाएर स्वीकृत म.ले.प. फारमबमोजिम घर भाडामा लिई खर्चको नियण्त्रण तथा अभिलेख राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको। अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९ **फोहरमैला व्यवस्थापन -** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रूपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा गरेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रूपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण

गर्ने, वैज्ञानिकरूपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । पालिकाले देउनीया खोलाको विभिन्न स्थानबाट दहत्तर बहत्तर सामाग्री संकलनका लागि आइ.इ.इ. प्रतिवेदन तयार गर्नका लागि लागत अनुमान रू. ३ लाख स्वीकृत भई परामर्श सेवामार्फत खरिद गरिएकोमा बि.एम.एस. नेपाल प्रा.लि., काठमाडौंलाई भ्याटसहित रू. २,९८,३२०.०० भुक्तानी दिएको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार लिएको देखिएन। यसरी अध्ययन प्रतिवेदन तयार भएबमोजिम दहत्तर बहत्तर सामाग्री संकलनको ठेक्का समेत पूर्णरूपमा कार्यान्वयन हुन सकेको देखिएकोले खर्चको सार्थकता समेत देखिएन । आगामी दिनमा डी.पी.आर. लगायतका परामर्श सेवा खरिद कार्य गर्दा कामको प्रकृतिअनुसार कार्यालयको आफ्नै प्राविधिक जनशक्तिबाट गर्न नसकिने अवस्थामा मात्र कारणसहित परामर्श सेवा खरिद कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **जनता उपचार कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य कोष सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ अनुसार अनुसूचीबमोजिम स्वास्थ्य उपचारको लागि कार्यपालिकाको निर्णयअनुसार रू. २३,४५,५००.०० भुक्तानी दिएको छ । कार्यविधिले अधिकतम सहयोग रकम पच्चिस हजारसम्म दिन सकिने उल्लेख गरेकोमा सोभन्दा बढि समेत दिने गरेको पाइयो। यसरी कार्यपालिकाको निर्णयको आधारमा सबै बिरामीहरूलाई समानुपातिकरूपमा उपचार खर्च रकम भुक्तानी गर्दा मितव्ययी, व्यवस्थित, प्रभावकारी र दिगो हुन सक्दैन भने पालिकालाई दिर्घकालीन रूपमा आर्थिक व्ययभार पर्न जाने देखिन्छ । तसर्थ, यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित भई गरिब परिवारलाई आर्थिक लाभ पुग्ने अवस्थामा मात्र सहायता पारदर्शी तवरले प्रदान गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजातलगायत वितरणको भरपाई सार्वजनिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

***(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ५० जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रू. ५,७९,०००।— र विश्व बैङ्कबाट रू. २४,०७,०००।— गरी जम्मा रू. २९,८६,००० ।- प्राप्त भएको छ । पालिकाअन्तर्गत रहेका ५ वटै वडाहरूमा देहायका ५ योजना सञ्चालन

गरी यस वर्ष १८९ जना सूचीकृत बेरोजगार श्रमिकहरूमध्ये ५० जनालाई औसत १०० दिनले ५००० दिन रोजगारी उपलब्ध गराई रू. २८,८५,०००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ, कार्यक्रम सञ्चालन निर्देशिकाबमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| क्र स | योजनाको नाम | ठेगाना | श्रमिक संख्या | कार्य दिन | लागत अनुमान | कार्य संपादन रकम | पालिकाबाट भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी पाईपलाईन बिस्तार आयोजना | वडा नं १ | १० | १००० | ५७८८५५ | ५८११६० | ५७७००० |
| २ | खानेपानी पाईपलाईन बिस्तार आयोजना | वडा नं २ | १० | १००० | ५७८२५२ | ६२८८०५ | ५७७००० |
| ३ | खानेपानी पाईपलाईन बिस्तार आयोजना | वडा नं ३ | १० | १००० | ७७१८०९ | ५८५५०२ | ५७७००० |
| ४ | खानेपानी पाईपलाईन बिस्तार आयोजना | वडा नं ४ | १० | १००० | ५७८८५५ | ५८०५७१ | ५७७००० |
| ५ | खानेपानी पाईपलाईन बिस्तार आयोजना | वडा नं ५ | १० | १००० | ५७८८५५ | ७१५९७६ | ५७७००० |
| जम्मा | | | | ५००० | ३०८६६२६ | ३३६२०१४ | २८८५००० |

सैद्धान्तिक बेरुजु

## ७३ सामाजिक सुरक्षातर्फ-

७३.१ सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधानबमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रू. २०,०२,०९,५६८।— विनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, झापाबाट बैङ्कलाई रू. १९,९५,०८,७१९।— रकम निकासा/खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन्-

सैद्धान्तिक बेरुजु

७३.२ **खर्च विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र सिटिजन्स बैङ्क इन्टरन्शनल लिमिटेड शाखा कार्यालय, हल्दीबारी र एक्सेल डिभलपमेन्ट बैङ्क शाखा कार्यालय, गोलधापबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ५ वटै वडाहरूको सामजिक सुरक्षा भत्ता बैङ्कबाट उपलब्ध गराउदै आएको छ । यस आर्थिक वर्षमा पालिकाले देहायका संख्यामा रहेका लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत वितरण गर्न रू.१९,९५,०८,७१९।- निकासा दिएकोमा बैङ्कबाट

रू.१९,९३,९४,५७५।— वितरण गरी बाँकी रहेको रकम रू. १,१४,१४४।— र मृतक लाभग्राहीको खाताबाट फिर्ता भएको रकम रू. १,५३,५२३।— सहित रू. २,६७,६६७।— मिति २०८०।०५।०७ गते फिर्ता भएको देखियो । यससम्बन्धी विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

| क्र. सं. | विवरण | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा निकासा/खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | जेष्ठ नागरिक | २१८५ | २४८५८१६४ | २२२८ | २६५३५५५८ | २२५९ | २६८३०४६६ | २३२१ | २७५२३७५४ | १०५७४७९४२ |
| २ | जेष्ठ नागरिक दलित | ५५ | ४३८९०० | ५६ | ४४६८८० | ५९ | ४५७५२० | ५९ | ४६५५०० | १८०८८०० |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६७ | २१०४०६० | २७६ | २१९७१६० | २७५ | २१७५८८० | २६७ | २११४७०० | ८५९१८०० |
| ४ | विधवा | ३८६ | ३०२९७४० | ३९६ | ३१२२८४० | ४१६ | ३२५८६८३ | ४१४ | ३२८७७६० | १२६९९०२३ |
| ५ | पूर्ण अपाङ्ग | ८५ | १०१३४६० | ८६ | १०२१४४० | ८८ | १०५१४९८ | ८९ | १०५३३६० | ४१३९७५८ |
| ६ | अतिअसक्त अपाङ्ग | १३६ | ८४६९४४ | १४५ | ९१२९१२ | १४९ | ९३८४४८ | १५४ | ९७४६२४ | ३६७२९२८ |
| ७ | वालपोषण दलित | ७३ | १०८५७९ | ८६ | १३२१७० | ८८ | १२९४८० | ८७ | १३६०५५ | ५०६२८४ |
| ८ | लोपन्मुख | १२९५ | १५४४५२९० | १३०२ | १५५३७०६० | १३०५ | १५६१६८६० | १३०८ | १५६२८८३० | ६२२२८०४० |
| | **जम्मा** | **४४८२** | **४७८४५१३७** | **४५७५** | **४९९०६०२०** | **४६३९** | **५०४५८८३५** | **४६९९** | **५११८४५८३** | **१९९३९४५७५** |

| सैद्धान्तिक बेरुजु |
|---|

७३.३ **मृत्यु भएका व्यक्तिको भत्ता निकासा -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तीको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था छ । यस पालिकाको वडाहरूमध्ये वडा १ लाई नमुनाको रूपमा परीक्षण गर्दा अनुसूचीमा संलग्न विवरणअनुसारका व्यक्तिको मृत्युपश्चात पनि भत्ता निकासा गरेको देखिएकोले पालिकाबाट यकिन गरी बढी भुक्तानी भएको भत्ता असुल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | ५१,३३१ |
|---|---|

***(विस्तृत विवरण बेरूजु दफा ७३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)***

७३.४ **एम.आई.एस विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस. मुल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरूको विवरण पूर्ण रूपमा भरेको देखिएन । एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा तेस्रो त्रैमासिकमा ४५२ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको, केही लाभग्राहीको नाम दोहोरो परेको, बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान

सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

**अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चलान गर्न नियमित रूपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन सयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिएबमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७३.५ **नमुना परीक्षण -** नमुनाको रूपमा वडा नं. १ लाई परीक्षण गर्दा वडा नं. १ मा एक्सेल विकास बैङ्कमार्फत् भत्ता रकम वितरण गरेको पाइयो । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि चौथो त्रैमासिकसम्म रू. ४,२४,१५,६६६।- बैङ्कमा निकासा दिएकोमा बैङ्कबाट सम्बन्धित लाभग्राहीको खातामा रू. ४,२३,८१,०२६।- वितरण गरी बाँकी रहेको रकम र मृतकको खातामा जम्मा रहेको रकमसहित रू. ४६,४२१।— फिर्ता भएको देखियो । यससम्बन्धी विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

| क्र.सं. | त्रैमासिक | संख्या | निकासा | बैङ्क खातामा जम्मा भएको | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | १०२१ | १०३८४४१२ | १०२२९७९२ | १५४६२० | मृतकको खातामा रहेको रू.११,७८१।— सहित रू. ४६,४२१।— मिति २०८०।०५।०७ गते रा.वा.बैङ्क मार्फत् फिर्ता भएको देखियो । |
| २ | दोस्रो | १०२८ | १०६७५७९१ | १०६२७५३९ | ४८२५२ | |
| ३ | तेस्रो | १०३० | १०५२४८४९ | १०६७०९०७ | १४६०५८ | |
| ४ | चौथो | १०४३ | १०८३०६१४ | १०८५२७८८ | -२२१७४ | |
| जम्मा | | ४१२२ | ४२४१५६६६ | ४२३८१०२६ | ३४६४० | |

सैद्धान्तिक बेरुजु

७४ **स्वास्थ्यतर्फ -**

७४.१ **स्वास्थ्य संस्था -** पालिकाअन्तर्गत् ३ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा आधारभूत अस्पताल गरी ६ वटा स्वास्थ्य संस्थामा जम्मा २२ जना स्वास्थ्य कर्मचारीहरूको दरबन्दी रहेको देखिएकोमा २२ जना स्थायी स्वास्थ्य कर्मचारी नै पदपूर्ति भएको र १४ जना करार गरी ३४ जना कार्यरत रहेको पालिकाबाट प्राप्त तथ्याँकबाट देखिन्छ । दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत हुनुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र र अस्पतालमा दरबन्दी कायम नभएकोले उक्त संस्थाहरू संञ्चालन गर्नु परेको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

७४.२ **औषधि उपचार खर्च -** मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचारबापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी ४६ जना, डायलाइसिस रोगी

१३ जना, मृगौला प्रत्यारोपण गरेका ४ जना र मेरुदण्ड पक्षघात ५ जना रोगी समेत ६८ जनालाई जम्मा रू.३२,५०,०००।- भुक्तानी दिएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७४.३ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार तोकिएको स्पेशिफिकेशनअनुसार खरिद गरी सोअनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा यस आ.व.मा न्यानो झोला खरिद गरेको देखिएन । पालिकामा रहेको गत विगतको बाँकी रहेको २४ न्यानो झोलामध्ये पालिकाअन्तर्गतका एक बर्थिङ सेन्टरमा वितरणको लागि हस्तान्तरण गरेकोमा बर्थिङ सेन्टरबाट यस आ.व.मा प्रसूती भएका आमाहरूलाई ८ थान न्यानो झोला वितरण गरी अझ १६ थान बाँकी रहेको पालिकाबाट उपलब्ध भएको तथ्याङ्कबाट देखिन्छ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४.४ **खोपको अवस्था -** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, झापाबाट प्राप्त हुने पालिकाले जनाएको छ। यस आ.व.मा पालिकालाई अनुसूचीमा उल्लेखित खोपको लागि २६५२३ डोज प्राप्त भएकोमा १९५७८ प्रयोग भई २०२६ फिर्ता भएको र ४९१९ डोज खेर गएको पालिकाबाट उपलब्ध भएको विवरणबाट देखिन्छ । पालिकालाई प्राप्त भएको डोज पूरै प्रयोग नभई फिर्ता गर्नु परेको देखिन्छ । यसरी फिर्ता पठाउँदा तापक्रम अनुकुल नहुँदा खोपको डोज अझ बढी खेर जान सक्ने हुँदा पालिका र सम्बन्धित कार्यालयको यसतर्फ ध्यान जानु जरुरी देखिन्छ ।

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|
| B.C.G | २६८२ | ४६४ | ६४० | १५७८ |
| Rota | ११९८ | १०८९ | १०७ | २ |
| O.P.V | २०९४ | १६६१ | २३० | २०३ |
| F.I.P.V | १५८९ | ८४५ | २४४ | ५०० |
| Pcv | १७५० | १६१७ | १३३ | ० |
| DPT, Hep-B, Hib | २०८४ | १६३४ | २३० | २२० |
| M.R | १६७४ | १०८३ | १५१ | ४४० |
| J.E | ८३१ | ५१२ | १२१ | १९८ |
| TCV | ६६६ | ५०७ | ७० | ८९ |
| TD | ११५५ | ८६६ | १०० | १८९ |
| कोभिडको फाइजर खोप | १०८०० | ९३०० | ० | १५०० |
| **जम्मा** | **२६५२३** | **१९५७८** | **२०२६** | **४९१९** |

सैद्धान्तिक बेरुजु

७५ **पकेट कार्यक्रम -** पालिकाले लागत साझेदारीमा यस वर्ष मकै बाली पकेट विकास कार्यक्रममा रू. ११,००,०००।, गहुँ बाली प्रवर्धन कार्यक्रममा रू. ६,१४,२९६।-, धानबाली पकेट विकास कार्यक्रममा रू. ५,००,०००।- र तेलहन बाली प्रवर्धन कार्यक्रममा रू. ६,७५,४४७।- सहित जम्मा रू. २८,८९,७४३।— अनुदान दिएको छ । अनुदानबाट कृषक समूहले कृषि औजार, मिनी टिलर, प्लास्टिक टनेल, पाइप, प्राङ्गारिक मल, धान, मकै, गहुँ र तोरीको बीउजस्ता सामग्री खरिद गरी बिल भरपाई पेश भएको देखियो । बिल भरपाईको तुलना धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाले २२ एचपी को पावर टिलर रू. ३,००,०००।— मा खरिद गरेको देखियो भने सोही सामान राधाकृष्ण कृषक समूहले रू.२,५०,०००।- मा खरिद गरेको बिल पेश गरेको पाइयो । एउटै सामान पनि भिन्न मुल्यमा खरिद गरेको, खरिद गरिएका सामानको जिन्सी दाखिला भएको प्रमाण पेश नभएको, कृषि बीउ वितरण गर्दा कृषकले माग गरेको माग फाराम र वडाबाट कृषक पहिचान गरी कृषकलाई बीउँ उपलब्ध गराउन गरेको सिफारिस पत्र संलग्न हुनुपर्नेमा नभएको, एउटै कृषकलाई बिना आधार १८० किलोग्रामसम्म गहुँको बीउ उपलब्ध गराएको भरपाई संलग्न भएको देखियो । साथै, यसरी पालिकाबाट पकेट कार्यक्रम सञ्चालन गर्दा के कति लाभग्राहीहरू लाभान्वित भए सो को विवरण उल्लेख गरी राखेको पाइएन । कृषक समूहबाट पेश भएको बिल भरपाई बमोजिम सामान खरिद भए नभएको र लक्षित कृषक वर्ग लाभान्वित भए नभएको सम्बन्धमा पालिकाबाट परीक्षण तथा अनुगमन गरेको नपाइएकोले पालिकाबाट अनुदानित कार्यक्रमको न्यायोचित वितरण र प्रभावकारिताका सम्बन्धमा लेखाजोखा हुनुपर्ने देखिन्छ ।

| क्र.स. | भौचर नं. | कार्यक्रमको नाम | समूहको नाम ठेगाना | लागत अनुमान | पालिकाले व्यहोर्नु पर्ने रकम | पालिकाले व्यहोरेको रकम |
|---|---|---|---|---|---|---|
| १ | २३०-०८०।३।१९ | मकैबाली पकेट विकास कार्यक्रम | श्री धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था | ११,००,०००।- | ५,५०,०००।- | ५,५०,०००।- |
| २ | २३१-०८०।३।१९ | मकैबाली पकेट विकास कार्यक्रम | श्री राधाकृष्ण कृषक समूह(६१४०२३७७०) | ११,००,०००।- | ५,५०,०००।- | ५,५०,०००।- |
| ३ | २३२-०८०।३।१९ | धानबाली पकेट विकास कार्यक्रम | नमुना कृषक समूह (६१४०२३७४१) | ५,००,०००।- | २,५०,०००।- | २,५०,०००।- |
| ४ | २६०-०८०।३।२३ | धानबाली पकेट विकास कार्यक्रम | रिति कृषि फर्म | ५,००,०००।- | २,५०,०००।- | २,५०,०००।- |
| ५ | २६१-०८०।३।२३ | तोरी बाली प्रवर्धन | मंगलबारे तोरी ब्लक समन्वय समिति | ५,००,११७।- | २,५०,०५८।- | २,४२,८००।- |
| ६ | २६२-०८०।३।२३ | तेलहन बाली प्रवर्धन | यलम्बर तोरी ब्लक समन्वय समिति | ४,६८,४६६।- | २,३४,२३३।- | २,२९,०००।- |
| ७ | २६३-०८०।३।२३ | तेलहन बाली प्रवर्धन | नमुना तोरी ब्लक समन्वय समिति | ४,५२,१३३।- | २,२६,०६६।- | २,०३,६४७।- |
| ८ | १८२-०८०।२।१६ | गहुँबाली प्रवर्धन | साना किसान कृषि सहकारी संस्था लि. | १२,२४,५००। | ६,२७,२५०।- | ६,१४,२९६।- |
| **जम्मा** | | | | | **२९,३७,६०७।-** | **२८,८९,७४३।-** |

सैद्धान्तिक बेरुजु

७६ **प्रविधि हस्तान्तरण** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्देशिकाबमोजिम पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रममा सागर सिलाई मेशिन (३००१७०७१७) बाट रू. १४,३००।— प्रतिवटाका दरले ३१ वटा सिलाई मेशिन र रस्मी स-मिल (३०२७९०५३७) बाट रू. २१,०००।-का दरले ५ थान ढाका तान खरिद गरी ३६ जना उद्यमीहरूलाई वितरण गरेको देखियो । प्रविधि हस्तान्तरण गरिएका सामान ५ वर्षसम्म सम्बन्धित उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनुपर्ने व्यवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **शिक्षातर्फ -**

७७.१ **शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तहअन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाअन्तर्गत १८ वटा बाल विकास केन्द्र, ११ वटा आधारभूत विद्यालय र ६ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । सञ्चालनमा रहेका १७ विद्यालयहरूमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | अनुदान | जम्मा | | |
| प्राथमिक शिक्षक | ११४ | ९८ | १ | १५ | ० | ११४ | २४२० | १:२२ |
| निम्न माध्यमि शिक्षक | ३१ | १८ | १३ | ० | १ | ३२ | १०६६ | १:३५ |
| माध्यमिक शिक्षक | १६ | १३ | ३ | ० | २ | १८ | ८४५ | १:४७ |
| उच्च माध्यमिक शिक्षक | ४ | ० | ० | ४ | ० | ४ | ५६८ | १.१५ |
| **जम्मा** | **१६५** | **१२९** | **१७** | **१९** | **३** | **१६८** | **४८९९** | |

पालिकाको कुल दरबन्दीमा ७८.१८ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवम् न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.२ **विद्यार्थी संख्या र विद्यालय -** पालिकामा सञ्चालन रहेका १७ वटा विद्यालयहरूमा शैक्षिक सत्र २०७९ र २०८० मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या क्रमशः ४८९९ जना र ४९३६ जना रहेकोमा विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्या देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यार्थी संख्या | विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०७९ | शैक्षिक सत्र २०८० |
| १ | १०० जना भन्दा कम विद्यार्थी भएको | २ | ५ |
| २ | १०० देखि २०० जना भएको | ७ | ४ |
| ३ | २०० देखि ३०० जना भएको | २ | २ |
| ४ | ३०० देखि ४०० जना भएको | २ | ३ |
| ५ | ५०० देखि ६०० जना भएको | १ | १ |
| ६ | ६०० देखि ७०० जना भएको | १ | १ |
| ७ | ७०० देखि ८०० जना भएको | १ | ० |
| ८ | १२०० देखि १३०० जना भएको | ० | १ |
| ९ | १३०० देखि १४०० जना भएको | १ | ० |
| जम्मा | | १७ | १७ |

उपरोक्त विवरणअनुसार शैक्षिक सत्र २०७९ मा १ र शैक्षित सत्र २०८० मा ५ वटा विद्यालयमा १०० जनाभन्दा कम विद्यार्थी संख्या रहेको देखिन्छ भने १२०० भन्दा बढी विद्यार्थी संख्या भएको विद्यालय संख्या १ वटा मात्र रहेको देखिन्छ । अतः थोरै विद्यार्थी संख्या रहेको विद्यालयलाई नजिकको विद्यालयसँग मर्ज गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.३ **पालिकाको शैक्षिक अवस्था -** पालिकाअन्तर्गत शैक्षिक सत्र २०७९ मा सञ्चालित कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली(IEMIS) बमोजिम पालिकाअन्तर्गत रहेका विद्यालयहरूमा कक्षा ८ मा ६३४ जना, कक्षा १० मा ६०९ र कक्षा १२ मा ३६८ जना विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा अन्तिम परीक्षामा कक्षा ८ मा ५७९ जना, कक्षा १० मा ५४३ र कक्षा १२ मा ३६४ विद्यार्थी मात्र सहभागी भएको देखिन्छ । अध्ययनरत विद्यार्थीहरूमध्ये कक्षा ८ मा ५५ जना, कक्षा १० मा ६६ जना र कक्षा १२ मा ४ जना विद्यार्थी परीक्षामा सहभागी नभई अवस्था अज्ञात देखिन्छ । यस सम्बन्धमा पालिकामा सोधपुछ गर्दा स्पष्ट जवाफ प्राप्त भएन । यसबाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा देखिएको विवरण यथार्थ हो भनी विश्वस्त हुन सकिएन । यस सम्बन्धमा पालिकाले स्पष्ट विवरण तयार गरी विद्यार्थी संख्याको आधारमा खर्च हुने खर्चको सुनिश्चितता हुनुपर्दछ। परीक्षाको नतिजाअनुसार कक्षा १२ लगायतको नतिजा सन्तोषजनक नदेखिएकोले पालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि

गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८, १० र १२ को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरूको नतिजा देहायबमोजिम रहेको छः

| क्र.सं. | GPA | GRAD | कक्षा ८ | एस.ई.ई. | कक्षा १२ |
|---|---|---|---|---|---|
| १ | | Non Grading | ५ | | २१७ |
| २ | ०.८-१.२ | D | ० | २ | ० |
| ३ | १.२-१.६ | D+ | ० | ६ | ० |
| ४ | १.६-२.० | C | ० | ७८ | ३ |
| ५ | २.०-२.४ | C+ | ४८ | १२९ | १८ |
| ६ | २.४-२.८ | B | १५४ | १५९ | ६८ |
| ७ | २.८-३.२ | B+ | १३९ | ९२ | ४० |
| ८ | ३.२-३.६ | A | १५२ | ५७ | १७ |
| ९ | ३.६-४.० | A+ | ८१ | २० | १ |
| जम्मा | | | ५७९ | ५४३ | ३६४ |

सैद्धान्तिक बेरुजु

७७.४ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सो को कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७९।८० मा विद्यालयहरूको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन पालिकासँग रहेको देखिएन । पालिकाले विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७७.५ **विद्यालयको नियमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ज) अनुसार आधारभुत र माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई दिइएको छ । जसअनुसार पालिकाले सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन कार्य गर्नुपर्दछ। पालिकाले यस पालिकाअन्तर्गतका सामुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शनबमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजस्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फस्यौंट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णयबमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुविधा अनिवार्यरूपमा बैङ्क खातामार्फत् भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

७७.६ **सेनिटरी प्याड खरिद -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरूको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले पुरानो मौज्दातबाट नै खर्च गर्न पुग्ने भएकोले नयाँ सेनिटरी प्याड खरिद गरेको देखिएन । यसरी आवश्यकताभन्दा बढी मौज्दातमा खरिद गर्दा मितव्ययीरूपमा प्रयोग नहुने तथा म्याद नै समाप्त हुन जाने देखिन्छ । अतः आगामी दिनमा वास्तविक विद्यार्थी संख्या यकिन गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७७.७ **सोधभर्ना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.१.१.४.१. मा बाल विकास शिक्षक, विद्यालय सहायक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानसम्बन्धी व्यवस्था छ । जसअनुसार शसर्त अनुदानबाट बाल विकास शिक्षकलाई मासिक रू. १०,०००।-, विद्यालय सहायकलाई मासिक रू. १३५००।— र विद्यालय कर्मचारीलाई मासिक रू. ८,०००।— का दरले १३ महिनाको लागि पारिश्रमिक उपलब्ध गराउने र स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम थप गरी पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत बालविकास शिक्षिका ३४ जना, विद्यालय कर्मचारी ६ जना तथा कार्यालय सहयोगी १७ जनालाई नपुग रकम पालिकाबाट थप गरी भुक्तानी गर्नुपर्नेमा सङ्घीय सशर्त शीर्षकबाट नै रू. ५५,९५,४७१।- भुक्तानी गरेको देखिएकोले उक्त रकम सङ्घीय सञ्चित कोषमा सोधभर्ना हुनुपर्ने देखिन्छ ।

| असुल गर्नुपर्ने | ५५,९५,४७१ |
|---|---|

७७.८ **पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ। यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरूले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन नगराई अनुदान दिएको छ । यसबाट विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका

शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई अनुदान दिनुपर्दछ। उदाहरणको लागि श्री हल्दीबारी मा.वि.मा शैक्षिक वर्ष २०८० को IEMIS अनुसार देखाएको विद्यार्थी संख्या र विद्यालयबाट विद्यार्थीहरूलाई पाठ्यपुस्तक बुझाएको भरपाईबीच एकरुपता भएको पाइएन ।

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक बुझेको विद्यार्थी संख्या | २८ | २८ | २८ | ३२ | ३५ | १०४ | ९२ | १०० | १७५ | १४६ | २१२ | १६५ |
| IEMIS बाट देखिएको विद्यार्थी संख्या | २८ | ३२ | २७ | ३४ | ४० | १०५ | ९४ | १०६ | १७१ | १४३ | १६६ | १८१ |

सैद्धान्तिक बेरुजु

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : हल्दीबारी गाउँपालिका, झापा**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुवास श्रेष्ठ | २०७९-५-१ | |
| कार्यालय प्रमुख | मान बहादुर बन | २०८०-५-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रविन दहाल | २०७७-५-२५ | २०७९-४-३१ |
| लेखा प्रमुख | दिपक भट्टराई | २०७८-९-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| ११,०९८,२६५ | ९९३,५७० | १२,४९१,३५५ | ० | ० | १,४९८,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू.** | | | | | २६,०८१,१९० |
| **प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रू.** | | | | | १०,७३९,२९३ |
| **सम्परीक्षणबाट थप भएको बेरुजु रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू.** | | | | | १५,३४१,८९७ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | | ३९१००५९८.८८ |
| आम्दानी | | खर्च | |
| सङ्घीय सरकारबाट अनुदान | ३२४३१४८२५.३ | चालु खर्च | ४८१००९८४४.२१ |
| प्रदेश सरकारबाट अनुदान | २०८२१२६२.१६ | पुँजीगत खर्च | १६६०८९५९९ |
| राजस्व बाँडफाँट | ७३१३२४८९.८६ | वित्तीय/अन्य व्यवस्था | ८१९४७१२.० |
| आन्तरिक आय | १५२८९१७२.६६ | | |
| अन्य आय | २१३९६६७८७ | | |
| कुल आय | ६४७५२४५३६.९८ | कुल खर्च | ६५५२९४१५५.२१ |
| बाँकी मौज्दात | | | ३१३३०९८०.६५ |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | ५४,०४,८५,६०७.५६ | ४४,०१,६१,९२०.९८ | | ४४,०१,६१,९२०.९८ | ४५,६६,३५,८३७.४९ | | ४५,६६,३५,८३७.४९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५३,४३,७६,२७५.०० | ४३,३५,५७,७४९.९८ | ० | ४३,३५,५७,७४९.९८ | ४४,६८,९३,६६२.४९ | ० | ४४,६८,९३,६६२.४९ |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| ११००० कर | ११ | ११,१५,०५,६७०.०० | ८,३५,२०,१२७.३४ | ० | ८,३५,२०,१२७.३४ | ९,३५,२३,२८८.८३ | ० | ९,३५,२३,२८८.८३ |
| १३००० अनुदान | | ३८,६५,१२,२००.०० | ३४,५१,३६,०८७.४६ | ० | ३४,५१,३६,०८७.४६ | ३४,२६,९६,२५४.८९ | ० | ३४,२६,९६,२५४.८९ |
| सङ्घीय सरकार | १२ | ३६,१२,६८,२००.०० | ३२,४३,१४,८२५.३० | ० | ३२,४३,१४,८२५.३० | ३२,२४,७७,७९०.८९ | ० | ३२,२४,७७,७९०.८९ |
| प्रदेश सरकार | १२ | २,५२,४४,०००.०० | २,०८,२१,२६२.१६ | ० | २,०८,२१,२६२.१६ | २,०२,१८,४६४.०० | ० | २,०२,१८,४६४.०० |
| १४००० अन्य राजस्व | | २,२०,४५,०००.०० | ४९,०१,५३५.१८ | ० | ४९,०१,५३५.१८ | १,०६,७४,११८.७७ | ० | १,०६,७४,११८.७७ |
| ३२००० वित्तीय सम्पत्ति | | १,४३,१३,४०५.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६१,०९,३३२.५६ | ६६,०४,१७१.०० | | ६६,०४,१७१.०० | ९७,४२,१७५.०० | | ९७,४२,१७५.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरू | | ६१,०९,३३२.५६ | ० | ० | ० | २८,३२,१३५.०० | ० | २८,३२,१३५.०० |
| धरौटी | | ० | ६६,०४,१७१.०० | ० | ६६,०४,१७१.०० | ६९,१०,०४०.०० | ० | ६९,१०,०४०.०० |
| सङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५४,०४,८५,६०७.५६ | ४४,७९,३१,५३९.२१ | | ४४,७९,३१,५३९.२१ | ४५,०८,२०,६४५.१५ | | ४५,०८,२०,६४५.१५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५३,४३,७६,२७५.०० | ४३,९७,३६,८२६.७१ | | ४३,९७,३६,८२६.७१ | ४४,०९,८३,५३३.९७ | | ४४,०९,८३,५३३.९७ |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९,५१,३२,५००.०० | १७,८६,८९,०५८.५५ | ० | १७,८६,८९,०५८.५५ | ७,०७,५०,८६९.३२ | ० | ७,०७,५०,८६९.३२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,५७,५३,९३५.०० | ९,५६,८९,२३७.१६ | ० | ९,५६,८९,२३७.१६ | १७,९७,८६,४४७.८७ | ० | १७,९७,८६,४४७.८७ |
| २५००० सहायता (Subsidy) | १८ | १८,००,०००.०० | १३,४५,३५०.०० | ० | १३,४५,३५०.०० | ८९,१८,५७७.०० | ० | ८९,१८,५७७.०० |
| २६००० अनुदान | १८ | १०,४०,०००.०० | २,००,०००.०० | ० | २,००,०००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४४,००,०००.०० | ४३,४९,०९३.०० | ० | ४३,४९,०९३.०० | ७६,३२,६८१.०० | ० | ७६,३२,६८१.०० |
| २८००० अन्य खर्च | १८ | ८,०६,०००.०० | ७,६७,३८६.०० | ० | ७,६७,३८६.०० | २८,९०,७५३.०० | ० | २८,९०,७५३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १८ | २०,५४,४३,८४०.०० | १५,८६,९६,७०२.०० | ० | १५,८६,९६,७०२.०० | १७,१०,०४,२०५.७८ | ० | १७,१०,०४,२०५.७८ |
| घ. अन्य भूक्तानी | | ६१,०९,३३२.५६ | ८१,९४,७१२.५० | | ८१,९४,७१२.५० | ४५,०८,२०,६४५.१५ | | ४५,०८,२०,६४५.१५ |
| कोषहरू | | ६१,०९,३३२.५६ | ४४,०१,५८६.५० | ० | ४४,०१,५८६.५० | ५८,७१,२५२.०० | ० | ५८,७१,२५२.०० |
| धरौटी | | ० | ३७,९३,१२६.०० | ० | ३७,९३,१२६.०० | ३९,६५,८५९.१८ | ० | ३९,६५,८५९.१८ |
| सङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | | गतवर्ष रू. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| ङ. यो वर्षको बचत (न्युन) | | | (७७,६९,६१८.२३) | | (७७,६९,६१८.२३) | ५८,१५,१९२.३४ | | ५८,१५,१९२.३४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,९१,००,५९८.८८ | | ३,९१,००,५९८.८८ | ३,४१,६६,५९५.४६ | | ३,४१,६६,५९५.४६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३,१३,३०,९८०.६५ | | ३,१३,३०,९८०.६५ | ३,९९,८१,७८७.८० | | ३,९९,८१,७८७.८० |
| बैङ्क तथा नगद बाकी | | | ३,१३,११,२८०.६५ | | ३,१३,११,२८०.६५ | ३,५९,१९,६५६.३८ | | ३,५९,१९,६५६.३८ |

## बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | भौ.नं. र मिति | पेस्कीको विवरण | पेस्की लिने व्यक्ति र फर्मको नाम | पेस्की रकम रू. | |
|---|---|---|---|---|---|
| | | | | म्याद नाघेको | म्याद ननाघेको |
| १ | १-२०७९।४।१ अ.ल्या. गरेको | पन्ध्र शैया आधारभुत अस्पताल निर्माण कार्य | लामा युनिभर्सल जे.भी. | - | १,९२,००,०००.०० |
| २ | १-२०७९।४।१ अ.ल्या. गरेको | कार्यक्रम खर्च | बाबुराम ढकाल | ३,१९,५००.०० | - |
| ३ | १-२०७९।४।१ अ.ल्या. गरेको | सवारी साधन मर्मत खर्च | बिमल कुमार भट्टराई | २०,०००.०० | - |
| ४ | १-२०७९।४।१ अ.ल्या. गरेको | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | संकल्प खनाल | १,००,०००.०० | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ७७७-२०८०।२।२४ | जातिय संस्कृति पहिचान भेषभूषा सामग्री | जय प्रसाद पोखरेल | ५०,०००.०० | - |
| ६ | १-२०७९।४।१ अ.ल्या. गरेको | सडक निर्माण | कन्काई इन्टरनेशनल विल्डर्स प्रा.लि. | - | ५३,५०,०००.०० |
| ७ | १-२०७९।४।१ अ.ल्या. गरेको | गैर आवासीय भवन निर्माण/खरिद | जय गढीमाइ कन्स्ट्रक्सन | २,२२,५००.०० | - |
| ८ | १-२०७९।४।१ अ.ल्या. गरेको | सडक तथा पूल निर्माण | धुलिखेल/ झापाली जे. भी. | - | २,३०,९००.०० |
| ९ | १-२०७९।४।१ अ.ल्या. गरेको | गैर आवासीय भवन निर्माण/खरिद | श्री गजुरेल एण्ड गौतम निर्माण सेवा प्रा.लि. | - | ५,९४,०००.०० |
| १० | १-२०७९।४।१ अ.ल्या. गरेको<br>१०-२०७९।४।१ | भेलागडी लोकतान्त्रिक शहीद स्मृति पार्क निर्माण आयोजना | सि.एम. कर्म जे.भी | - | ७२,५०,०००.०० |
| ११ | ५१-२०७९।८।१३ | पक्कि पुल निर्माण १. वडा नं १ र ५ को सीमाना | सारा श्रृष्टि निर्माण सेवा प्रा.लि. | - | २२,००,०००.०० |
| १२ | १-२०७९।४।१ अ.ल्या. गरेको | कार्यक्रम खर्च | गोलधाप चर्च | १०,०००.०० | - |
| १३ | १-२०७९।४।१ अ.ल्या. गरेको | कार्यक्रम खर्च | दिपज्योति युवा परिवार | १,००,०००.०० | - |
| १४ | १-२०७९।४।१ अ.ल्या. गरेको | सडक तथा पूल निर्माण | पाथिभरा टोल विकास समिति | ६,७६,०००.०० | - |
| **जम्मा रू.** | | | | १४,९८,०००.०० | ३,४८,२४,९००.०० |

## बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./मिति | भुक्तानी पाउने फर्मको नाम | बिवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रू. |
|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पुंजीगत | १८१।०८०।३।१२ | पारागन आई.टी.. सोलुसन प्रा.लि., ईटहरी | विभिन्न मेशिनरी औजार तथा कार्यालय समानहरू खरिद | ४३८,४३९,४४१/२०८०।३।६ | ५५६११६।०० |
| २. | ,, | १८०।०८०।३।११ | New Easterm Machinery Traders, Birtamode | किलोस्कर मिनी पम्प खरिद | ४६८।०८०।३।३ | २२००००।०० |
| ३. | ,, | १७९।०८०।३।११ | नव दुर्गा ट्रेडर्स, झापा | किलोस्कर पम्प र एग्रो नेट खरिद | ७०२।०८०।२।३० | ४१०८३५।४७ |
| ४. | ,, | २३।०७९।६।१२ | National Electronic, Damak | सडक बत्ती जडान तथा मर्मत कार्य | १४२।०७९।६।१० | ३९६५७५।०० |
| ५. | ,, | १०२।०७९।११।२१ | सुर्यदीप ईलेक्ट्रोनिक्स, बिर्तामोड-५ | सडक बत्ती जडानका सामग्रीहरू खरिद | ३६७।०७९।११।१९ | २५२८३७।५० |
| ६. | ,, | १०८।०७९।१२।५ | सुर्यदीप ईलेक्ट्रोनिक्स, बिर्तामोड-५ | वडा नं.३ को सडक बत्ती जडानका सामग्रीहरू खरिद | ३८२।०७९।१२।०३ | १९९२६४।२० |
| ७. | ,, | ९७।०७९।११।१५ | सुर्यदीप ईलेक्ट्रोनिक्स, बिर्तामोड-५ | सडक बत्ती मर्मत | ३५९।०७९।११।१४ | ३५६२३।२५ |
| ८. | ,, | ५०।०७९।८।८ | सुर्यदीप ईलेक्ट्रोनिक्स, बिर्तामोड-५ | सडक बत्ती मर्मत | २०७।०७९।८।८ | ४७९०९।७४ |
| ९. | ,, | ४७।०७९।७।२१ | सुर्यदीप ईलेक्ट्रोनिक्स, बिर्तामोड-५ | सडक बत्ती मर्मत | १६९।०७९।७।१६ | ५५२७९।०० |

| क्र.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./मिति | भुक्तानी पाउने फर्मको नाम | बिवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रू. |
|---|---|---|---|---|---|---|
| १०. | ,, | ४२।०७९।७।४ | सुर्यदीप ईलेक्ट्रोनिक्स, बिर्तामोड-५ | सडक बत्ती मर्मत | १६२।०७९।७।०३ | ८९८६८।९० |
| ११. | ,, | ८५।०७९।१०।२० | रोयल ईलेक्ट्रिक सप्लायर्स, बिर्तामोड-५ | ईलेक्ट्रिक मालसामान खरिद | ३२७।०७९।१०।१० | १७४०८५।०० |
| १२. | ,, | ६६।०७९।९।१२ | Noble Technology Systems Pvt.Ltd., Birtamode-5 | नेटवर्किङ्गका उपकरणहरू खरिद | ७८।०७९।९।३ | २५८५४९।६५ |
| १३. | ,, | १४।०७९।५।२९ | Mobile Pasal, Birtamode-5 | रेफ्रीजरेटर, प्रिन्टर र मनिटर लगायत खरिद | १३।०७९।५।२६ | ३८२०८४।६४ |
| १४. | ,, | ५।०७९।४।२३ | Mobile Pasal, Birtamode-5 | ईलेक्ट्रिक सामानहरू खरिद | १७०।०७९।३।३२ | ४९१५५०।०० |
| १५. | ,, | ५।०७९।४।२३ | तेजस्बी कम्पुटर सपोर्ट, बिर्तामोड | अनलाईन यु.पि.एस. र ब्याट्री खरिद | ७०८।०७९।३।३२ | ५६८३९०।०० |
| १६. | ,, | ९।०७९।९।११ | Mobile Pasal, Birtamode-5 | ईलेक्ट्रिक सामानहरू खरिद | ३२।०७९।७।१६ | ९६६१५।- |
| १७ | ८०११२५०७५०२ | १५।०७९।१०।२० | सत्याल अटोमोबाईल्स हाउस, बिर्तामोड | अस्पतालकालागि हाईब्रिड सोलार सिस्टम खरिद | ३९५,३९६ | ७९२०००।- |
| १८. | ,, | ४६।०८०।३।१२ | A.C. Bazar Dot Com, Birtamode | AC र Laptop खरिद | ४२।०८०।१।२३ | ५१९९५७।- |
| १९. | | ४०।०७९।७।२ | खरेल काष्ठ फर्निचर उद्योग, बिर्तामोड, झापा | फर्निचर खरिद | ०६।०७९।४।२६ | ९३४९६२।०० |
| २०. | | १६०।०८०।२।१६ | रत्न फर्निचर उधोग, बुद्धशान्ति-१ | विभिन्न फर्निचर खरिद | ११४,११५/२०८०।१।२४ | ४९१०९८।०० |

| क्र.सं. | ब.उ.शि.नं. | गो. भौ. नं./मिति | भुक्तानी पाउने फर्मको नाम | बिवरण | बिजक नं./मिति | मू.अ.कर सहित भुक्तानी रू. |
|---|---|---|---|---|---|---|
| २१. | | ८०।०७९।१०।११ | जि. एन. एस. कन्ष्ट्रक्सन, झापा | आल्मुनियम पार्टेशन खरिद | ०१।०७९।१०।९ | १५७५३५।७४ |
| १७. | ,, | ६४।०७९।९।१९ | पृथ्वी निर्माण सेवा, झापा | सडक मर्मत | ०२२।०७९।८।१९ | ३०९३०८।४१ |
| १८. | ,, | ७९।०७९।१०।१० | गजुरेल एण्ड गौतम निर्माण सेवा, प्रा.लि. | वडा नं.५ का विभिन्न सडकहरूको मर्मत | ०५।०७९।१०।१० | २७१८८५।०० |
| १९. | ८०११२५०७५०२ | २८।०८०।३।२४ | बिशाल निर्माण सेवा, भद्रपुर-४ | धनुष पोखरी सौन्दर्यकरण | ००५।०८०।३।२३ | ९७९५१५।०४ |
| २०. | ,, | २७।०८०।३।२४ | अच्युत कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. झापा | धनुष आधारभुत विद्यालयको घेराबार | ६।०८०।३।२४ | ५९२६३३।६० |
| २१. | ८०११२५०७५०२ | २२७।०८०।३।२४ | जेनिश निर्माण सेवा, झापा | वडा नं. १ का विभिन्न सडक मर्मत तथा निर्माण | ११।०८०।३।२४ | ३७८४४६।८८ |
| २२. | ,, | २३६।०८०।३।२४ | एलेक्स कन्ष्ट्रक्सन प्रा.लि., झापा | खुम नारायण घिमिरेको घर दक्षिण धर्धरे रोकथाम | २३६।०८०।३।२४ | ४७०७६३।०० |
| २३. | ,, | १९१।०८०।३।१३ | श्री एभरग्रिन कन्ष्ट्रक्सन, झापा | वडा नं. १ का सडक ग्राभेल | ३६।०८०।३।१२ | ८७०७२३।६६ |
| **जम्मा** | | | | | | ११००४४११।६८ |

## बेरूजु दफा ६१ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र.सं. | गो.भौ./मिति | खानेपानी समितिको नाम | भुक्तानी महिना | भुक्तानी युनिट संख्या (१००० लि.=१ युनिट) | दर | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| १. | १७४।०८०।३।१ | गोलधाप खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०८० असोज देखि चैत्र सम्म | ३९८३ | १२० | ४७७९६० |
| २. | १७४।०८०।३।१ | जलथल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०८० वैशाख | १४९९ | १२० | १७९८८० |
| ३. | १४१।०८०।१।२५ | जलथल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०७९ चैत्र | १४९३ | १२० | १७९१६० |
| ४. | १३५।०८०।१।१९ | जलथल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०७९ माघ, फाल्गुण | २७८० | १२० | ३३३६०० |
| ५. | ९४।०७९।१०।२० | हल्दीबारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०७९ असोज, कार्तिक, मंसिर, पुष | ४८५९ | १२० | ५८३०८० |
| | | | | | जम्मा | १७५३६८० |

## बेरूजु दफा ६४ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.सं. | ब.उ.शि.नं. | ठेक्का न. | गो.भौ./मिति | योजनाको नाम | भुक्तानी पाउने निर्माण व्यवसायीको नाम | बिजक नं./मिति | आइटमवाइज कार्यको विवरण | भुक्तानी भएको रकम (मू.अ.कर सहित) | भुक्तानी हुनुपर्ने रकम (मू.अ.कर सहित) | बढी भुक्तानी भएको रकम रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सशर्त पुँजीगत | HRM/WORK/ROAD/NCB-2079/80-8 | १८।०८०।३।१२ | सडक निर्माण कार्य (काजली हल्दीबारी शहिद मुख्य सडक) | एन. के. कन्ष्ट्रक्सन, झापा | १२।०८०।३।४ | Lab Test | ३५००० | १५००० | २०००० |
| | | | | | जम्मा | | | | | २०००० |

## बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ./मिति | निर्माण व्यवसायी/सप्लाईकर्ता फर्म | बापत | बिजक नं./मिति | भ्याट बाहेक भुक्तानी | मू.अ.कर रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका पुँजीगत | १४८।०८०।२।३ | सेरेन निर्माण सेवा, हल्दीबारी-१, झापा (६०७०३११७५) | मिक्स ग्राभेल र एक्साभेटर सप्लाई | १२।०८०।१।१७ | ११७६०० | १५२८८ | मिति-२०७९ आषाढदेखि मू.अ.कर NON-FILLER रहेको |
| २ | गाउँपालिका पुँजीगत | १४०।०८०।१।२५ | सेरेन निर्माण सेवा, हल्दीबारी-१, झापा (६०७०३११७५) | मिक्स ग्राभेल र एक्साभेटर सप्लाई | ०६।०७९।१२।२९ | ३१६५०० | ४११४५ | ,, |
| ३ | गाउँपालिका पुँजीगत | १२९।०८०।१।१३ | सेरेन निर्माण सेवा, हल्दीबारी-१, झापा (६०७०३११७५) | मिक्स ग्राभेल र एक्साभेटर सप्लाई | ०४।०७९।१२।२८ | ३०५५०० | ३९७१५ | ,, |
| ४ | गाउँपालिका पुँजीगत | ११७।०७९।१२।१४ | सेरेन निर्माण सेवा, हल्दीबारी-१, झापा (६०७०३११७५) | मिक्स ग्राभेल र एक्साभेटर सप्लाई | ०२।०७९।१२।१० | ३४५२१५ | ३९७१५ | ,, |
| ६ | गाउँपालिका पुँजीगत | १२७।०८०।१।१२ | आरम्भ कम्पुटर प्रा.लि., दमक-६, झापा | DELL ALL IN 1 COMPUTER 24" TOUCH 15,11th 12GB/256 GB 1TB | ३४०।०८०।१।६ | १२३८९३.८१ | १६१०६ | बिजक नं. ३४० केरमेट गरी नयाँ लेखेको |
| ७ | गाउँपालिका पुँजीगत | ९३।०७९।१०।२० | सेरेन निर्माण सेवा, हल्दीबारी-१, झापा (६०७०३११७५) | रामेश्वर प्रा.बि., को पुरानो भवनमर्मत | ०१।०७९।१०।२० | १७२०० | २२३६ | मिति-२०७९ आषाढदेखि मू.अ.कर NON-FILLER रहेको |
| १७ | गाउँपालिका पुँजीगत | ४३।०७९।७।४ | धुलीखेल झापाली जे.भी., बिर्तामोड, झापा (६१२१७५०६४) | Construction of Blacktopped Road & Drain From Pipal Chowk-HaldibariChowk-Bhelagata Chowk Gramin Road | ०१।०७९।७।३ | १३३३७२०.८ | १७३३८३ | मिति-२०८० आषाढदेखि मू.अ.कर NON-FILLER रहेको |
| १८ | गाउँपालिका-पुँजीगत | १५।०८०।७।१ | देव एण्ड सायर सारा सृष्टि वाई.पी.आर जे.भी.,धनकुटा (६१५८३५२३९) | Construction of Blacktopped Road at ward no.- 1, (Janajagriti Ma.Bi. bar Kirat Chowk to lati howi, Chakla chowk to Ramjanaki Mandir Road) | ००१।०८०।७।१ | ४५५१८४७.५२ | ५९१७४० | मिति-२०८० बैशाखदेखि मू.अ.कर NON-FILLER रहेको |

| क्र.सं. | ब.उ.शि.नं. | गो.भौ./मिति | निर्माण व्यवसायी/सप्लाईकर्ता फर्म | बापत | बिजक नं./मिति | भ्याट बाहेक भुक्तानी | मू.अ.कर रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २० | ३७०००११६४ | १०।०७९।९।१८ | लामा युनिभर्सल जे.भी., दमक-१, झापा (६१६०३३५९९) | १५ शैया अस्पताल भवन निर्माण | ०१।०७९।९।२८ | २७११७५७.७८ | ३५२५२८ | मिति-२०८० जेष्ठदेखि मू.अ.कर NON-FILLER रहेको |
| २१ | ३७०००११६४ | ५।०७९।१२।६ | लामा युनिभर्सल जे.भी., दमक-१, झापा (६१६०३३५९९) | १५ शैया अस्पताल भवन निर्माण | ०२।०७९।१२।०५ | ३८३०६२९.३ | ४९७९८१ | मिति-२०८० जेष्ठदेखि मू.अ.कर NON-FILLER रहेको |
| जम्मा | | | | | | ६३९०२५९ | १७६९८३७ | |

## बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -९

| क्र.सं. | भौचर नं. | विवरण | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३० जना | ३११००० | |
| २ | ४ | १७ जना | १८२००० | |
| ३ | ७ | १९ जना | २०७००० | |
| ४ | ८ | १२ जना | ११२००० | |
| ५ | ९ | ४ जना | ४३००० | |
| ६ | ११ | ६ जना | ४५००० | |
| ७ | १२ | २ जना | १३००० | |
| ८ | १३ | १ जना | १५००० | |
| ९ | १४ | १ जना | १५००० | |
| १० | १५ | २ जना | १२००० | |
| ११ | १७ | १ जना | ७००० | |

| क्र.सं. | भौचर नं. | विवरण | रकम रू. | कैंफियत |
|---|---|---|---|---|
| १२ | १८ | १ जना | ८००० | |
| १३ | १९ | १ जना | ८००० | |
| १४ | २० | १ जना | १०००० | |
| १५ | २२ | ९ जना | ५३००० | |
| १६ | २३ | ५ जना | ३९००० | |
| १७ | २४ | १ जना | १०००० | |
| १८ | २६ | १ जना | २०००० | |
| १९ | २७ | ६ जना | ६३००० | |
| २० | २८ | ८ जना | ५६००० | |
| २१ | २९ | ६ जना | ४०००० | |
| २२ | ३० | १४ जना | १२४००० | |
| २३ | ३१ | ४ जना | ३२००० | |
| २४ | ३२ | ५ जना | १०८००० | |
| २५ | ३३ | ६ जना | ६२००० | |
| २६ | ३६ | ३ जना | २३००० | |
| २७ | ३७ | १ जना | १५००० | |
| २८ | ३८ | ३ जना | २५००० | |
| २९ | ३९ | ११ जना | ११९००० | |

| क्र.सं. | भौचर नं. | विवरण | रकम रू. | कैंफियत |
|---|---|---|---|---|
| ३० | ४० | ६ जना | ५६००० | |
| ३१ | ४२ | १४ जना | १७२००० | |
| ३२ | ४३ | २ जना | १०००० | |
| ३३ | ४४ | १ जना | १०००० | |
| ३४ | ४६ | २ जना | ३५००० | |
| ३५ | ५७ | १६ जना | ११६००० | |
| ३६ | ५८ | २ जना | १४००० | |
| ३७ | ५९ | ४ जना | २८५०० | |
| ३८ | ६० | २ जना | १३००० | |
| ३९ | ६१ | ३ जना | २१००० | |
| ४० | ६२ | १ जना | १०००० | |
| ४१ | ६३ | १ जना | ५००० | |
| ४२ | ६४ | १ जना | ५००० | |
| ४३ | ६५ | १ जना | ४५००० | कार्यविधिले तोकेकोभन्दा २० हजार बढी भुक्तानी |
| ४४ | ६६ | ५ जना | २८००० | |
| **जम्मा रू.** | | | **२३४५५००** | |

| परिचय नं. | लाभग्राहीको नाम | वर्ग | बुबाको नाम | ना.प्र.नं. | मृत्यु मिति | खाता नं. | भुक्तानी रकम | पाउने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| 4-113-00003083503 | नेत्र प्रसाद न्यौपाने | जे.ना | दाताराम न्यौपाने | ७६१५११४७ | २०७९।४।१६ | 02610800101929000001 | १२००० | २१३४ | ९८६६ |
| 4-113-00009759063 | गुमान सिंह कार्की | जे.ना | जमान सिं कार्की | ८५२४३६६५ | २०७९।५।३० | 02610800101777000001 | १२००० | ८००० | ४००० |
| 2004021505565 | टुकी माया गुरुङ्ग | जे.ना | प्रताप सिंह गुरुङ्ग | ७६१५१०८९ | २०७९।६।३१ | 02610800101766000001 | २४००० | १२००० | १२००० |
| 4-113-00003447889 | बल बहादुर लिम्बु | जे.ना | धनराज लिम्बु | ०४०१७५०९८८० | २०७९।८।१४ | 02610800101750000001 | २४००० | १७८६७ | ६१३३ |
| 4-9-00002661023 | भिमा देवी ढकाल | जे.ना | जयनारायण नेपाल | ९७७३२६६१४ | २०७९।८।२३ | 02610800103161000001 | २४००० | १९०६७ | ४९३३ |
| 4-113-00003115994 | समन लाल थारु | जे.ना | गेन्दालाल थारु | ०४१०२०।३३५ | ०७९।८।१९ | 02610800072316000002 | २४००० | १८५३४ | ५४६६ |
| 4-113-00003395570 | धर्मलाल थापा मगर | जे.ना | राम वर्ण थापा मगर | ७६१५४१९६ | ०७९।१०।२३ | 02610800100906000001 | ३६००० | २७०६७ | ८९३३ |
| **जम्मा** | | | | | | | **१५६०००** | **१०४६६९** | **५१३३१** |